# वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक

वर्ष ३ अङ्क ९ पूर्णाङ्क १०७ | २०७५ साउन २८ गते सोमबार | Monday, Aug. 13, 2018 | पृष्ठ ८ | मूल्य रु. १०।-


## देजमो कर्णाली प्रदेशले बुझायो ३८ बुँदे ज्ञापन-पत्र

काठमाडौं । नेपाल कम्युनिष्ट पार्टी (क्रान्तिकारी माओवादी) समर्थित देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल कर्णाली प्रदेशले प्रदेश प्रमुख तथा मुख्यमन्त्री महेन्द्रबहादुर शाहीलाई मोर्चाको ३८ बुँदे ज्ञापन पत्र बुझाएको छ । मोर्चाका कर्णाली प्रदेश संयोजक चक्रमाणी शर्माको नेतृत्वमा गएको मोर्चाको एक टोलीले बिहीबार मुख्यमन्त्रीको कार्यकक्षमा उक्त ज्ञापन पत्र बुझाएको हो । उक्त अवसरमा नेकपा (क्रान्तिकारी माओवादी)का केन्द्रीय सदस्य दीपकबहादुर शाही पनि सहभागी भएका थिए ।

३८ बुँदे ज्ञापन पत्रका कर्णाली प्रदेशका विभिन्न जिल्लामा गएको बाढी पहिरो पीडितहरूलाई उचित क्षतिपूर्ति उपलब्ध गराउनुपर्ने, राष्ट्रघाती माथिल्लो कर्णाली जलविद्युत अयोजनाको जिएमआर कम्पनीसँगको सम्झौता खारेज गरिनुपर्ने, शिक्षामा क्षेत्रमा भइरहेको निजीकरण, व्यापारीकरण र माफियाकरणको अन्त्य गरिनुपर्ने, बढ्दो लैङ्गिक हिंसा अन्त्य गरिनुपर्ने लगायतका मागहरू रहेका छन् ।

# 'जनविरोधी ऐन कानुनहरु खारेज गर'





● वर्गदृष्टि संवाददाता

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी)ले सरकारले भदौं १ गतेदेखि कार्यान्वयनमा ल्याउन लागेको जनविरोधी ऐन, विधेयक तथा कानुनहरुलाई खारेज गर्न सरकारसित जोडदार माग गरेको छ । क्रान्तिकारी माओवादीका महासचिव मोहन वैद्य'किरण'ले आइतबार एक वक्तव्य जारी गर्दै यस्तो माग गरेका हुन् । जनताको विरोध प्रदर्शन तथा आम हड्ताल लगायतका आन्दोलनलाई निषेधित तथा नियन्त्रित गर्ने ऐन कानुनहरु बनाएर सरकार फासिवादतर्फ उन्मुख हुँदै गएको प्रष्ट भएको वक्तव्यमा उल्लेख गरिएको छ ।

वक्तव्यमा वर्तमान सरकार एकातिर राष्ट्रियता, जनतन्त्र तथा जनजीविकाका समस्याहरुको समाधान गर्नेतर्फ गम्भीर नदेखिएको र अर्कोतिर यस प्रकारका समस्याहरुलाई लिएर आन्दोलन तथा विरोध प्रदर्शन गर्न पाउने हक अधिकारबाट जनतालाई बञ्चित गराउनेतर्फ उद्दत रहेको उल्लेख गरिएको छ । यो कुरा काठमाडौं लगायत देशका विभिन्न विरोध प्रदर्शनस्थलहरुलाई निषेधित गरेको कुराबाट छर्लङ्ग हुन गएको छ पनि वक्तव्यमा जनाइएको छ ।

वक्तव्यमा भनिएको छ, "हाम्रो पार्टी जनताका यस प्रकारका आन्दोलन, विरोध प्रदर्शन तथा आम हड्ताललाई निषेधित तथा नियन्त्रित गर्ने काम र त्यस ढंगका विधेयक एवम् कानुनहरु खारेज गर्नका लागि सरकारसित जोडदार माग गर्दछ । साथै, पार्टी सरकारका यसप्रकारका जनविरोधी गतिविधिहरुका विरुद्ध सशक्त आवाज उठाउन र आन्दोलनमा जानका लागि देशभक्त, जनवादी तथा वामपन्थी शक्तिहरुसित पनि विशेष अनुरोध गर्दछ ।"

**यस्तो छ वक्तव्यको पूर्णपाठ :**

'वर्तमान सरकार एकातिर राष्ट्रियता, जनतन्त्र तथा जनजीविकाका समस्याहरुको समाधान गर्नेतर्फ गम्भीर देखिदैन भने अर्कोतिर यस प्रकारका समस्याहरुलाई लिएर आन्दोलन तथा विरोध प्रदर्शन गर्न पाउने हक अधिकारबाट जनतालाई बञ्चित गर्नेतर्फ उद्दत रहेको छ । यो कुरा काठमाडौं लगायत देशका विभिन्न विरोध प्रदर्शनस्थलहरुलाई निषेधित गरेको कुराबाट छर्लङ्ग हुन गएको छ । यतिमात्र होइन अहिले जनताको विरोध प्रदर्शन तथा आम हड्ताल लगायतका आन्दोलनहरुलाई निषेध गर्नका लागि विधेयकहरु ल्याई विभिन्न ऐन कानुनहरु बनाउन थालिएका कुरा सार्वजनिक भएका छन् । यसबाट सरकार फासिवादतर्फ उन्मुख हुँदै गएको प्रष्ट हुन्छ । तसर्थ, हाम्रो पार्टी जनताका यस प्रकारका आन्दोलन, विरोध प्रदर्शन तथा आम हड्ताललाई निषेधित तथा नियन्त्रित गर्ने काम र त्यस ढंगका विधेयक एवम् कानुनहरु खारेज गर्नका लागि सरकारसित जोडदार माग गर्दछ । साथै, पार्टी सरकारका यसप्रकारका जनविरोधी गतिविधिहरुका विरुद्ध सशक्त आवाज उठाउन र आन्दोलनमा जानका लागि देशभक्त, जनवादी तथा वामपन्थी शक्तिहरुसित पनि विशेष अनुरोध गर्दछ ।"

सरकारले भदौं १ गतेबाट लागू हुने गरी ल्याउन लागेको नयाँ ऐन तथा कानुहरुमा बन्द हड्ताल गरे तीन वर्षसम्मको जेल सजाय हुनेलगायतका जनविरोधी कानुन बनाएको छ । साथै देवानी तथा फौजदारी सम्बन्धी कानुनमा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतालाई कुण्ठित गर्ने प्रावधान राखिएका छन् । जसको सिंगो प्रेस जगतले खारेजीको माग गरिरहेको छ ।

## 'प्रकाण्डलगायतका नेताहरूलाई रिहा गर'



काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी)का महासचिव मोहन वैद्य'किरण'ले एक वक्तव्य प्रकाशित गरी नेकपा (विप्लव)का नेता प्रकाण्डसहित सबै गिरफ्तार नेता कार्यकर्ताको विनाशर्त अविलम्ब रिहाईको जोडदार माग गरेका छन् ।

नेता प्रकाण्डको गिरफ्तारीको घोर विरोध तथा भर्त्सना ...बाँकी ४ पेजमा

## प्रदेशहरूमा पनि मनाइयो २४औं आदिवासी जनजाति दिवस

इटहरी । नेकपा (क्रान्तिकारी माओवादी) निकट अखिल नेपाल आदिवासि जनजाति महासंघ एक नं. प्रदेसले २४ औ विश्व आदिवासि दिवस सुनसरीको ईटहरीमा एक अन्तर्क्रिया गरी मनाएको छ । कार्यक्रममा महासंघका केन्द्रीय महासचिव नगेन्द्र राईले आदिवासि जनजातिको अधिकार र पहिचान प्राप्तिका लागि संयुक्त आन्दोलन विषयक ...बाँकी ७ पेजमा

## 'वामको नाम बद्नाम गर्नेहरूका विरुद्ध लड्नुपर्छ'

काठमाडौं । विश्व आदिवासी दिवसको सन्दर्भमा अखिल नेपाल आदिवासी जनजाति महासंघ केन्द्रीय समितिद्वारा आयोजित एक अन्तरक्रिया कार्यक्रमलाई सम्बोधन गर्दै नेकपा (क्रान्तिकारी माओवादी)का महासचिव मोहन वैद्य'किरण'ले सरकारमा बसेका वामको नाम बदनाम गर्नेहरूका विरुद्ध लड्नुपर्ने स्थिति पैदा भएको कुरा बताएका छन् ।

ललितपुरको कुपण्डोलमा विहीवार 'लोकतान्त्रिक शासन व्यवस्थामा निषेधित क्षेत्रको घोषणा, सडक विस्तार, गौहत्याको नाममा जेल चलान' विषयक एक दिवसीय अन्तर्क्रियालाई सम्बोधन गर्ने क्रममा महासचिव किरणले भन्नुभयो, 'कम्युनिष्ट खतम छन् भन्ने जुन भान पर्न थालेको र कम्युनिष्टविरोधी वातावरण बन्न थालेको छ, यो गलत हो । यसका विरुद्ध लड्नु पर्छ । यो लडाइँ सरकारमा बसेका वामको नाम बदनाम गर्नेहरूका विरुद्ध पनि हो ।'

प्रमुख अतिथिको आसनबाट बोल्ने क्रममा महासचिव किरणले 'शासनसत्तामा कम्युनिस्ट र वाम नामको सरकार छ, तर त्यहाँ काम कम्युनिष्ट पनि छैन र वाम पनि छैन । यो नेपाली राजनीतिमा एउटा जटिलता हो । यिनका कुकार्यले देशमा बन्दै गएको कम्युनिस्ट विरोधी वातावरण बन्नु हाम्रालागि दुःखको कुरा हो, तर सरकारमा बसेकाहरू खतम छन् भन्ने कुरा ठीक हो' भने ।

अन्तरक्रियाका क्रममा 'राम्रा विषय उठान गरिएका, तर छलफल राम्रोसँग नहुने र संश्लेषण ...बाँकी ६ पेजमा

## 'दलालहरूको नेतृत्वको सत्ता नै नेपाली जनताको दुःखको कारण'

नयाँ दिल्ली । नेपाली एकता समाज, भारतले आयोजना गरेको जम्मु तथा काश्मीर अन्तर्गतका चारवटा संयुक्त नगर सम्मेलनलाई सम्बोधन गर्दै देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका केन्द्रीय सचिव परि थापाले दलालहरूको नेतृत्वको सत्ता नै नेपाली जनताको दुःखको कारण रहेको बताएका छन् । थापाले सुगौली सन्धिदेखि सुरुभएको राष्ट्रघातको प्रक्रिया राणा, नेपाली कांग्रेस, एमाले र माके हुँदै आज नेकपाको कार्यकालसम्म आईपुग्दा उत्कर्षतिर गैरहेको बताए ।

उनले आजसम्म सत्तामा धेरै अनुहार फेरिए पनि ती सबैले सामन्तवाद र साम्राज्यवादको पक्षमा नै काम गरेका कारण देशमा जनतन्त्र, राष्ट्रिय स्वाधीनता र जनजीविका समस्या विकराल बन्दै गएको उल्लेख गर्दै भने, 'वाह्य शक्ति त्यसमा पनि मुख्यतः भारतीय शासकवर्गको निर्देशनमा चल्ने र घरेलु प्रतिक्रियावादको प्रतिनिधित्व गर्ने दलालहरूको नेतृत्वको सत्ता नै नेपाली जनताको दु:खको कारण हो ।' उनले जनताको सरकारको दावी गर्ने कम्युनिस्ट नामधारी वर्तमान ओली सरकार पनि पहिलेका सरकार जस्तै जनघाती र राष्ट्रघाती रहेको भन्दै जनतन्त्र, राष्ट्रिय स्वाधिनता र जनजीविका ...बाँकी ८ पेजमा

## नेपाली एकता समाज, भारतको सांगठानिक अभियान तीव्र

नयाँ दिल्ली । नेपाली एकता समाज, भारतले भारतका विभिन्न राज्यका विभिन्न नगरमा पेशा व्यवसाय तथा रोजगारीमा रहेका नेपालीहरूलाई संगठित गर्ने अभियानलाई तीव्रता दिएको छ । ११ अगस्त २०१८ मा नेपाली एकता समाज, भारतले जम्मु तथा काश्मीर राज्य समिति अन्तर्गत नुगरा नगर समिति, निमु नगर समिती, लेह नगर समिति, चोक्लामसर नगर समितिको प्रथम संयुक्त नगर सम्मेलन सम्पन्न गरेको छ ।

नेकपा (क्रान्तिकारी माओवादी) समर्थित देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका केन्द्रीय सचिव परि थापाको प्रमुख आतिथ्यता र बरिष्ठ वामपन्थी व्यक्तित्व इन्द्रमोहन सिंग्देलको विशेष आतिथ्यतामा सम्पन्न उक्त सम्मेलनले उक्त संयुक्त सम्मेलनले चारवटा नगर समिति निर्माण गरेको छ । जस अनुसार

**नुवरा नगर समितिको अध्यक्षमा छोङ नर्बु तामाङ निर्वाचित**

संयुक्त सम्मेलनले नुवरा नगर समितिको अध्यक्ष छोङ नर्बु तामाङ, उपाध्यक्षमा बल बहादुर रावत, सचिवमा प्रकाश राना, सहसचिवमा कालु कुमार तामाङ र कोषाध्यक्षमा भक्त बहादुर रावत लगायत २८ सदस्यीय नुवरा नगर समिति निर्वाचित गरेको छ ।

निमु नगर ...बाँकी ८ पेजमा

## संयुक्त ट्रेड युनियन संघर्ष समितिद्वारा नयाँ संघर्षको घोषणा

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी) निकट अखिल नेपाल क्रान्तिकारी ट्रेड यूनियन महासंघलगायत १४ वटा मजदुर संगठन तथा ट्रेड युनियन संगठनहरूले संघर्षका नयाँ कार्यक्रमहरू घोषणा गरेका छन् । अनामनगरस्थित सम्वाद डबलीमा शुक्रबार संयुक्त रूपमा नयाँ आन्दोलनका कार्यक्रमहरू घोषणा गरेका छन् ।

तत्काल संयुक्त ट्रेड युनियन संघर्ष समितिमा आवद्ध ती मजदुर संगठनहरूले एक मजदुरको आधार भूत न्युनतम पारिश्रमिक २२ हजार प्रतिमहिना कायम गरिनु पर्ने माग गरेका छन् । यसका लागि सरकारले साउन १५ गतेको निर्णय खारेज गरी आफूहरूलाई विना ढिलाई वार्ताका लागि बोलाउन आह्वान नगरी बेवास्ता गरिएकाले आफूहरू संघर्षका थप कार्यक्रमहरू ल्याउन बाध्य भएको बताएका छन् ।

पत्रकार सम्मेलनमा वितरित संयुक्त हस्ताक्षरित प्रेस विज्ञप्तिमा भनिएको छ- 'सरकारले साउन १५ गतेसम्म उक्त निर्णय सच्याई नयाँ निर्णय गर्न माग गरेका थियौं । उक्त मितिभित्र सरकारले निर्णय नसच्याएमा हामी चरणबद्धरूपमा अन्दोलनमा जान बाध्य हुनु पर्ने छ र त्यसको सम्पूर्ण जवाफदेही सरकार हुने कुरासमेत जानकारी गराएका थियौं, तर सरकारले हाम्रो मागप्रति कुनै वास्ता गरेन । अतः उक्त गैरकानूनी निर्णय र सहमतिप्रति घोर आपति जनाउँदै उक्त निर्णय मान्य नरहेको कुरा जानकारी गराउँदै चरणबद्ध रूपमा अन्दोलनमा जाने घोषणा गर्दछौं ।'

विज्ञप्तिमा संयुक्त ट्रेड युनियन संघर्ष समितिका तर्फबाट अखिल नेपाल क्रान्तिकारी ट्रेड ...बाँकी ८ पेजमा

## नेकपा (क्रान्तिकारी माओवादी) र नेकपा (मसाल)को कार्यनीतिक प्रश्नमा देखिएका मतभेदहरूको सम्बन्धमा

'आज २०७४ साल चैत ९ गते चार पार्टी- नेकपा (मसाल), नेकपा (क्रान्तिकारी माओवादी), नेपाल कम्युनिष्ट पार्टी र नेपाल कम्युनिष्ट पार्टीको संयुक्त बैठक सम्पन्न भएको छ । बैठकमा पार्टी एकताका लागि आधार तयार पार्न छलफल र बहस गर्दै जाने र सहमति भएका विषयहरूमा संयुक्त आन्दोलन गर्ने ठेगान भएको छ । आन्दोलनको ठोस कार्यक्रम बनाउन अर्को बैठक बस्ने निर्णय भएको छ ।' यो भनाइ उक्त मितिमा नेकपा (मसाल)का महामन्त्री क.मोहनबिक्रम सिंहले जारी गर्नु भएको वक्तव्यमा भनिएको हो । यही निर्णयअनुसार चार पार्टीको बीचमा संयुक्त बैठकहरू बस्दै गए र संयुक्त संघर्षका कार्यक्रमहरू पनि सम्पन्न भए । चार पार्टीको बीचमा दुई पक्षीय पनि बस्ने र पार्टी एकताका लागि आधार तयार पार्न छलफल र बहस गर्ने निर्णयहरू भए । त्यसै अनुसार नेकपा (मसाल) र नेकपा (क्रान्तिकारी माओवादी)को बीचमा दुई पक्षीय बैठकहरू पनि भए । तर नेकपा (मसाल)ले पार्टी एकताका लागि आधार तयार पार्न छलफल र बहस गर्ने कुरा तत्कालको विषय हुन नसक्ने र कार्यगत एकताको लागि मात्र छलफल गर्ने कुरा आएपछि नेकपा (मसाल) र नेकपा (क्रान्तिकारी माओवादी) को बीचमा पार्टीको एकताको लागि आधार तयार पार्न छलफल र बहस गर्ने कुरा तत्कालको लागि स्थगित भएको छ ।

**हामीलाई के विश्वास छ भने नेकपा (मसाल)ले आफ्नो सातौं महाधिवेशनमा एमाले र माओवादी केन्द्रलाई जुन सही विश्लेषण गरेको थियो, त्यो विश्लेषणलाई पुनः अँगाल्ने छ र मार्क्सवादका आधारभूत सिद्धान्तहरूलाई छोडिसकेका शक्तिहरूसित होइन कि सच्चा क्रान्तिकारी कम्युनिष्टहरूको बीचको एकतामा सामेल हुनेछन्**



● रामसिंह श्रीस ●

नेकपा (मसाल) र नेकपा (क्रान्तिकारी माओवादी)को बीचमा रणनैतिक विषयहरू अहिलेको न्युनतम कार्यक्रम नयाँ जनवाद हुनुपर्ने, नयाँ जनवादी क्रान्ति बलप्रयोग (सशस्त्र संघर्ष) बाट मात्र प्राप्त हुने, वर्गसंघर्ष, सर्वहारावर्गको अधिनायकत्व, महान् सर्वहारा ...बाँकी ७ पेजमा

# सरकार थप युवाहरू विदेशमा कसरी बेच्न सकिन्छ भनेर मौका हेरेर बसिरहेको छ



❑ अमिर महर्जन
संयोजक- क्रान्तिकारी युवा लिग

***आजको अन्तर्राष्ट्रिय युवा दिवसको सन्दर्भमा देशभक्त क्रान्तिकारी युवाहरू अल्पकालीन र दीर्घकालीन संघर्ष योजनाहरू बनाउने सोचमा छौं । तत्काल संघर्षहरूले केही सुधारहरू ल्याउन सहयोग गरे पनि दीर्घकालीन संघर्षले राज्यसत्तामा उथलपुथल ल्याउन सहयोग गर्ने छन्***

*क्रान्तिकारी युवा लिगको संगठन विस्तार कसरी भइरहेको छ ?*

हामी संगठन निर्माणको प्रक्रियामा छौं । केन्द्र निर्माणपछि प्रदेश र स्थानीय तह नगरपालिका र गाउँपालिका स्तरमा संगठन बिस्तार भइरहेको छ । संगठन बिस्तारसँगै यसलाई विचारसँग जोड्ने र त्यसमा क्रियाशीलता ल्याउने कुरामा ध्यान दिनु जरुरी छ । क्रियाशीलता आएमा युवाहरूको भूमिका स्वतः माथि उठिहाल्छ ।

युवाहरूको भूमिका र क्रियाशीलताले पार्टीमा ठूलो प्रभाव पार्छ । यो अन्तरसम्बन्धलाई हामीले बुझेका छौं । युवाहरूलाई अधिकारका लागि अगाडि बढ्न प्रेरित गर्न जरुरी छ । संगठन निर्माण संघर्ष उठाउनु र लक्ष्य प्राप्ति गर्नुसँग जोडिएको छ ।

*संगठन निर्माणमा आइपरेका समस्याहरू के के हुन् ?*

युवाहरूमा अहिले क्रान्तिले 'सेटब्याक' खाएपछि आत्मकेन्द्रित व्यक्तिवादले काम गरेको छ। वैचारिक रूपमा यो निकै खतरनाक छ ।

देशको सन्दर्भमा हेर्दा राष्ट्रिय आत्मसमर्पणवादले काम गरेको छ । त्यसको प्रभाव पनि नराम्रो गरी परेको छ । राष्ट्र र समाज भन्दा पनि आफू कसरी 'सेटल' हुने भन्ने समस्याले सताएको देखिन्छ। पैसा प्रमुख भएर गएको छ । कसरी पैसा कमाउने भन्ने सोचले विदेशतिर जान बढी प्रेरित गर्दै आएको छ। निम्नपुँजीवादी धरातालमा यो सोचले ठूलो विचलन ल्याउँछ पनि। यसले विदेश पलाएन गराउँछ । अहिलेको राज्यसत्ताले यसै कमजोरीमाथि खेलिरहेको छ ।

युवाहरू गलत नै छन् भन्ने छैन । प्रशासन र सरकारले गरेका ज्यादतीहरूका विरुद्ध युवाहरू लडेका छन् । युवाहरूमा विद्रोही चेत, शारीरिक बल र आवेग बढी नै हुन्छ। उनीहरू विद्रोही हुन्छन्, स्वभावैले। हरेक आन्दोलनमा युवाहरू नै अघि हुन्छन् । पहिले त आत्मविश्वास दिलाउनु पर्छ। जोड्नु पर्छ। त्यो पनि अर्को समस्या हो । त्यो हल गर्नु पर्छ ।

युवा अवस्था भनेको कमाइ गर्ने अवस्था पनि हो । परिवार तथा समाजमा आर्थिक उत्पादन शक्ति भनेका युवा नै हुन् । युवाहरूमाथि परिवार, समाज र देशको ठूलो आर्थिक भार पनि हुन्छ। यसको दबाब युवाहरूमा हुन्छ। यसका साथै युवाहरूमा भएको राजनीतिक वितृष्णा कम गर्दै राजनीतिक आकर्षण दिलाउन सक्नुपर्छ ।

अर्को तर्फ साम्राज्यवादले युवाहरूलाई फसाउन, कुलतमा लगाउन, सिध्याउन र आफ्नो संस्कृतिमा रुमल्याउन निकै धनरासी लगानी गरिरहेको हुन्छ । साम्राज्यवादको जालभेल र षड्यन्त्रलाई पनि बुझ्न सक्नुपर्दछ । नत्र भने यसले आर्थिक, राजनीतिक र सांस्कृतिक रूपमा भ्रष्ट बनाउन बेर लगाउँदैन ।

*जनजीविकाका कुराहरू हल गर्न केके माग राखेर संघर्ष गर्न सकिएला ?*

राज्यसत्ताले चाहेमा केही मात्रात्मक र सुधारवादी कदमहरू चाल्न सक्छ। यो युवाहरूको, समाजको र देशको सबै समस्या हल गर्न सकिने विकल्प त होइन, तथापि यसले सापेक्षतामा केही मात्रात्मक हल भने दिन सक्छ। तर नेपालमा सरकार यसका लागि तयार छैन। यो त थप युवाहरू विदेशमा कसरी बेच्न सकिन्छ भनेर मौका हेरेर बसिरहेको छ।

नेपाल प्राकृतिक स्रोत साधनका हिसाबले निकै नै धनी छ । यो प्रचुरता संसारका अन्य मुलुकहरूमा बिरलै पाइन्छ। यहाँ कुषि उद्योग, खानी उद्योग, कुटिर उद्योग, कृषि आधुनिक उत्पादन, नगदेबालीको उत्पादन, मिस्रित खेती र बजार व्यवस्थापन आदि सबै गर्न सकिन्छ। तर त्यसका लागि सरकारी नीति र योजना तथा कार्यक्रमहरू केही पनि छैनन् ।

कृषि विज्ञहरूको भनाइ त कतिसम्म पनि छ भने यदि कोशीको पानी प्रदेश नं. २ मा मात्र ल्याएर सिंचाइ गरी खेती गरिने हो भने त्यहाँ गरिएको एक वर्षे खेतीबाट नेपालको कूल जनसंख्या तीन वर्षसम्म बसेर खाँदा पनि त्यो बाँकी बच्दछ। यो संभावनालाई यो सरकारले बेवास्ता गरेको छ र भारतसित कृषि साझेदारी गरी तराइका जमिन पनि उल्टै लिजमा दिन तयार रहेको छ । कोशी नदी बेचेर पानी उपयोगको संभावनालाई पनि यी सरकारहरूले असंभव बनाइदिएका छन् ।

यी कुराहरूलाई लिएर आन्दोलन गर्न सकिने राम्रो संभावना छ ।

*वैदेशिक हस्तक्षेपबाट कसरी बचाउन सकिएला यी संपदाहरू ?*

यसका लागि कृषि सहकारीकरण गरिनु पर्छ देशभर। यो कृषि सहकारीकरणलाई आत्मनिर्भर अर्थतन्त्रको विकासको बाटोमा डोऱ्याउनु पर्छ । बहुराष्ट्रिय कम्पनी र तिनका लगानीहरूलाई अस्वीकार गरिनुपर्छ । स्रोत दोहन गरेर नेपाली जनतालाई गरीब बनाउने उनीहरूको योजना बिफल पारिदिनु पर्छ ।

विदेशी शक्तिहरू नेपालको अन्तरविरोध र समस्याहरू चर्काउन चाहन्छन् आफ्नो फाइदाका लागि । हामी विकल्पसहित हाम्रा समस्या समाधानको बाटोमा संघर्ष मार्फत् भए पनि अघि बढ्नु पर्दछ। हामीलाई हाम्रा विकल्प र मौकाहरूबाट बेदखल गरेर आफ्नो काम गर्ने बनाउने साम्राज्यवादी योजना र कार्यक्रमलाई देशी जनविरोधी शक्तिसँगै बिफल पारिदिनु पर्दछ। यसका ठाउँमा जनमुखी र देश बनाउने कार्यक्रम र योजनाहरू ल्याउनु पर्छ ।

देश र जनताका लागि जे कामहरू बढी उपयोगी र सिर्जनात्मक छन्, तिनलाई प्रयोग गर्नु पर्दछ । जनतालाई ती योजना र कार्यक्रमहरूमा विश्वस्त बनाउँदै युवाहरू अघि बढ्नु पर्छ ।

*तत्कालका लागि के कस्ता संघर्षका कार्यक्रमहरू बनाउन सकिने सम्भावना छ ?*

पहिलो त, राज्यको निजी कामको विरुद्धमा युवाहरू जानु पर्छ । उद्योग कलकारखाना राष्ट्रियकरण गर्नुपर्छ । यसले स्वदेशमा औद्योगिक क्षेत्रमा सेवा प्रदान गर्दछ । दोस्रो, जनताको देशको सम्पतिको संरक्षण गर्न जनतालाई नै दिनु पर्छ। ललितपुरको हरिसिद्धि इट्टा कारखाना सरकारले बेच्यो, निजीकरण गऱ्यो । हाल किन्ने मन्छेले सयौं रोपनी जग्गा बेचेर खाइरहेको छ, त्यो जनताको सम्पत्ति हो । यसमा सरकारको कुनै वास्ता छैन । परिवार अमेरिकामा पठाएको छ, पैसा स्वीट्जरल्याण्डको बैंकमा जम्मा गरेको छ । यी सारा देशका सम्पत्ति राष्ट्रियकरण गरिनु पर्दछ । स्थानीय जनताको सहभागितामा उक्त सम्पत्ति सञ्चालनमा ल्याउनुपर्छ र यसका लागि राज्यले जिम्मा लिनु पर्छ ।

बेरोजगारको समस्या हल गर्न दोस्रो स्टेप कृषि विकास र कृषि उद्योग हो । सहकारी मार्फत यी सबै चलाउन सकिन्छ। यो संघर्षको अर्को माग हुन सक्छ। कृषि तथा उद्योगबाट उत्पादित बस्तुहरू विक्रि वितरण सरकार स्वयम्ले गर्नु पर्दछ । अरु देशहरूसँग भएका व्यापार तथा पारवाहन सन्धि सम्झौताअनुसार उनीहरूको देशको उत्पादन पनि भित्र्याउने र हाम्रो पनि विक्रि गराउने गर्नु पर्दछ। यसलाई संघर्षका रूपमा अघि बढाउनु पर्दछ। सहुलियत ऋण र अनुदानको माग गरेर आन्दोलन गरिनु पर्दछ। साना उद्योगहरू स्थापनाका लागि संघर्ष उठान गर्नु पर्दछ। शिक्षा र स्वास्थ्यलाई प्राथमिकतामा राखेर संघर्षका कार्यक्रमहरू सञ्चालन गर्नु पर्दछ।

*अन्य युवा संगठनहरूसँग संघर्षका लागि छलफल र सहकार्य भएको छ ?*

केही संगठनहरूसँग त छलफल चलेको छ, तर निस्कर्षमा पुगेको छैन । आजको अन्तर्राष्ट्रिय युवा दिवसको सन्दर्भमा देशभक्त क्रान्तिकारी युवाहरू अल्पकालीन र दीर्घकालीन संघर्ष योजनाहरू बनाउने सोचमा छौं। तत्काल संघर्षहरूले केही सुधारहरू ल्याउन सहयोग गरे पनि दीर्घकालीन संघर्षले राज्यसत्तामा उथलपुथल ल्याउन सहयोग गर्ने छन् ।

# दलाल सत्ताका पक्षमा रहेका मजदुर संगठनहरूदेखि सारा मजदुरहरू क्षुब्ध र आक्रोशित छन्

*हामीले ठूलो र शक्तिशाली मोर्चा निर्माण गरेका छौं। यसको दबाबले राम्रै काम गर्ने छ र सरकार नयाँ तलबमान तोक्न बाध्य हुने छ। हामी मजदुरहरू तात्कालीन र दीर्घकालीन एजेन्डाहरू साथै लिएर जाँदैछौँ ।*



❑ ईश्वर तिमिल्सिना
संयोजक- अखिल नेपाल
क्रान्तिकारी ट्रेड युनियन महासंघ

*क्रान्तिकारी मजदुर संगठनको हालको अवस्था कस्तो छ ?*

क्रान्तिकारी मजदुर महासंघको जिल्लास्तरसम्म संगठन निर्माणको अभियानमा हामी छौं । महासंघमा आवद्ध कतिपय घटकहरूको राष्ट्रिय सम्मेलन र भेला सम्पन्न गर्ने गरी तयारीमा जुटेका छौं । आउँदो कार्तिकसम्म जाँदा महासंघको राष्ट्रिय भेला द्वारा यसलाई सुदृढ गरिने छ ।

*संगठन निर्माणमा आइपरेका समस्याहरू के के हुन् ?*

मजदुर आन्दोलनमा ट्रेडयुनियनवाद, अर्थवाद र वर्गीय आत्मसमर्पणवाद हाबी भएको छ । यो नै अहिलेको मुख्य चुनौती हो । हामी यसैको विरुद्धमा लडिरहेका छौं ।

दोस्रो कुरा, मजदुरहरूको बीचमा भ्रम पैदा गराइएको छ । यो मूलतः आत्मसमर्पणमा केन्द्रित छ । ट्रेडयुनियनवादीहरू, अर्थवादीहरू र आत्मसमर्पणवादीहरू भ्रम छर्न लागिपरिहेका छन् ।

तेस्रो कुरा, साम्राज्यवाद, विस्तारवाद र दलाल नोकरशाहहरूले मजदुरलाई आत्मसमर्पण गराउन ठूलो लगानी गरिरहेका छन् । त्यसैले तिनीहरूबाट मजदुर आन्दोलन भाँड्न जुनखाले विचारहरू सम्प्रेषण गरिराखेको छ, सोको भण्डाफोर जरुरी छ । यो मूलतः वैचारिक रूपमा आई लागेको छ ।

*अहिले मजदुर संगठनहरूको संयुक्त संघर्ष समिति पनि निर्माण भएको छ। कसरी अघि बढ्न थाल्नु भएको हो ?*

नेपालमा मूलतः १६ वटा जति मजदुर संगठनहरू अस्तित्वमा छन् । अस्तित्वमा रहेका संगठनहरूमध्ये संसदीय सेरोफेरोमा रहेका माके, एमाले सम्बद्ध र काङ्ग्रेस सम्वद्ध बाहेक अरु १४ वटा स्थानीय संगठनहरूको संयुक्त संघर्ष समिति निर्माण भएको छ ।

यसमा सत्ता नजिकका तर सरकारी नीति तथा कार्यक्रमसँग विमति राख्ने मजदुर संगठनहरू पनि आवद्ध छौँ । मजदुरका बारेमा सरकारले निर्माण गरेका नीति, नियम र कार्यक्रमहरूसहित तलब र ज्यालामा गरीएका अन्यायलाई जोडेर संयुक्त संघर्षका कार्यक्रमहरू लैजान मोर्चा बनाएका छौँ । यो साझा मोर्चाको मुख्य उदेश्य भनेको मजदुरहरूको न्यूनतम पारिश्रमिक निर्धारणमा सरकारको मनपरी र मजदुरविरोधी सोच र नीतिको विरुद्ध संघर्ष गरी आफ्नो माग पूरा गराउनु हो ।

सरकारले मजदुरको न्यूनतम पारिश्रमिक निमार्णगर्दा सहमति र सहकार्यको अपनाउन पर्दथ्यो, त्यो नअपनाएर मुट्ठीभर सरकार पक्षीय मजदुर संगठनहरू, त्यसमा पनि केही बाहेक, मजदुरहरूलाई अन्यायमा पारेर गरिएको न्युनतम पारिश्रमिकका विरुद्ध लड्नु हो । यसको कार्यक्रम पनि घोषणा गरेका छौँ। श्रावण ३० गते विरोध कार्यक्रम गर्दै छौँ ।

*यसका मुख्य कार्यक्रमहरू बताइदिनोस् न।*

कतिपय ट्रेड युनियनका सोच र मान्यताहरू पनि हामीले स्वीकार गरेका छौँ । यो साझा मोर्चा हो । मजदुरहरूले मजदुर वर्गीय शासनव्यवस्था स्थापना गर्नु नै मूल लक्ष्य हो, तर तत्कालीन कार्यक्रमका रूपमा हामीहरूले साझा एजेण्डाहरू तय गरेका छौँ । यो कार्यक्रम सिद्धिएलगतै भदौमा बसेर हामीले संयुक्त रूपमा नयाँ कार्यक्रमहरू ल्याउने छौँ ।

यसमा सरकारविरोधी मजदुर संगठनहरूलाई साथमा लिँदै निरन्तर संघर्षका कार्यक्रमहरू सार्वजनिक गर्ने छौँ ।

*वर्तमान सरकार बहुमत सरकारको छ। योसँग लड्न र अघि बढ्न थप रणनीतिक कार्यक्रमहरू छन् ?*

वर्तमान सरकार दलाल नोकरशाहहरूको सरकार हो। यसलाई देशीय सामन्तवाद र वैदेशिक विस्तारवाद तथा साम्राज्यवादले संरक्षण गरेको छ । त्यसैले, यो सरकारले स्वदेशमा आत्मनिर्भर अर्थतन्त्र निर्माण भन्दा पनि विदेशीहरूले लगानी गर्न सक्ने लगानीमैत्री वातावरण निर्माण गर्न आफूलाई समर्पित गर्दछ ।

यो सरकारले यसका लागि नेपालमा सस्तो श्रम र कम तलबमा जनशक्ति पाइने भएपछि विदेशीहरूले लगानी गर्न इच्छुक हुनेछन् भन्ने देखाउन पनि मजदुरको पारिश्रमिक छिमेकी देशहरूको तुलनामा निकै कम तोकेको छ । हामीले न्यूनतम पारिश्रमिक अन्तराष्ट्रिय र राष्ट्रिय मापदण्डअनुसार बनाउन लगाउन संघर्ष घोषणा गरेका छौँ ।

सरकार कति वर्ष टिक्छ त्यो हाम्रो चासोको विषय होइन। मुख्यतः मजदुरहरूले ठीक ढङ्गले कुरा बुझ्छन् वा बुझ्दैनन् । दलाल नोकरशाह पुँजीपतिका विरुद्ध लड्ने इच्छा शक्ति उनीहरूमा छ कि छैन भन्ने कुरा प्रमुख हो । हाम्रो पनि चुनौती के हो भने हामीहरूले जागृत गर्न पनि सक्छौ कि सक्दैनौ भन्ने हो ।

*नेतृत्वबाट संघर्षका कार्यक्रमहरू घोषणा भइरहँदा सबै उद्योग कलकारखानाहरूमा रहेका मजदुरहरूमा यो कुरा संप्रेशन भएको छ कि छैन ?*

यसअघि ४ वटा वामपन्थी ट्रेड युनियनहरूको साझा संघर्ष गर्ने मोर्चा निर्माण गरेका थियौं। त्यतिबेला मजदुरहरूमा ३५ सूत्रीय मागहरू राखेर सरकारलाई बुझाएका थियौ । स्थानीय रूपमा जिल्लास्तरसम्म पनि यो मागपत्र पुऱ्याएका थियौँ । सञ्चार मन्त्रालयदेखि सीडीओसम्म हामीले मागहरू पुऱ्याएका थियौँ ।

केन्द्रमा केन्द्रीय कार्यालयले र जिल्लामा जिल्लाकै संगठनहरूले गरेका थियौँ । हामी संयुक्त कार्यक्रमसँगै स्थानीय स्तरमा पुग्ने गरेका छौँ ।

*संघर्षका कार्यक्रम अलि ढिला भयो भन्ने गुनासो छ। भदौदेखि नयाँ कानुनहरू पनि आउँदै छन् रे सरकारबाट ?*

समयको हिसाबले ढिलाइ त भयो । यसको पछाडिका कारणहरूमध्ये एउटा चाही यो कार्यक्रम आफैँमा साझा र संयुक्त हुनुले पनि हो। सबैसँग सहमति गर्दागर्दै ढिला पनि हुन्छ । हामीहरूलाई समय पनि लाग्यो ।

मजदुर आन्दोलन आफैँमा विशिष्ट हुँदाहुँदै पनि यसका धेरै पक्ष र पाटाहरू छन् । यसले धेरै मुद्दाहरू उठाउनु पर्छ । ती तात्कालीन र दीर्घकालीन दुवै हुने भएकाले समय ढिलाइ भएको जस्तो लाग्दैन ।

कम पारिश्रमिकका विरुद्धमा उठेका मुद्दाहरू पनि विगतलाई हेर्दा केही पछाडि उठ्ने र उठाउने गरिएका थिए । सरकारले घोषणा गर्छ र त्यसपछि मजदुरको प्रतिक्रिया आउने र संघर्षमा जाने गर्दा समय लागिहाल्छ । संघर्ष चर्किएपछि मजदुरहरूसँग सम्झौता गरेर नयाँ तलबमान फेरि घोषणा गर्ने गर्दछ ।

हामीले ठूलो र शक्तिशाली मोर्चा निर्माण गरेका छौं । यसको दबाबले राम्रै काम गर्ने छ र सरकार नयाँ तलबमान तोक्न बाध्य हुने छ। हामी मजदुरहरू तात्कालीन र दीर्घकालीन एजेन्डाहरू साथै लिएर जार्दै छौँ। यो मोर्चा निर्माण रणनीतिक हिसाबले राम्रो छ। र, यसो हुनु सुखद पक्ष पनि हो । अब हामी सुदृढ भएका छौ ।

*छुटेका कुराहरू भनिदिनोस् न।*

नेपालको सन्दर्भमा सबैभन्दा उत्पीडित वर्ग भनेको मजदुर वर्ग नै हो। यसको संख्या नेपालमा झण्डै ४० लाखको हाराहारीमा रहेको छ।

यसरी यति ठूलो संख्यामा रहेको मजदुरहरूका मागलाई सम्बोधन नगरेर सरकारले निकै ठूलो भूल गरेको छ। सबैलाई सहभागी गराएर मजदुरका मागहरू सुनेर वृहत् छलफल गरी न्यूनतम पारिश्रमिक तोक्नु पर्दथ्यो। त्यो भएन ।

तर, सरकारले सरकारनिकट तीनवटा मजदुर संगठनहरूको सुझावमा यस्तो निर्णय गर्न पुग्यो । सारा मजदुरहरू दलाल पुर्जीपति वर्गका पक्षमा रहेका मजदुर संगठनहरूदेखि क्षुब्ध र आक्रोशित छन् ।

# एजेण्डाविहीन बनेपछि अलगावमा ओली



काठमाडौं । नेपालमा बनेको बहुमतको 'वाम' सरकार अहिले एजेण्डा विहीनभई निरीहताको अबस्थामा पुगेको छ । अहिले ऊसँग न त कुनै एजेण्डा छन्, न त जनताले अनुभूत गर्ने गरी थालनी गरिएका विकास निर्माणका अभियानहरू नै । बरु यसले कसैले गरेको माग र आन्दोलनको पछिपछि लत्रदै र घिस्रदै दिन काट्न थालेको छ ।

अहिले सिंगो देशको होइन, केवल चिकित्सा क्षेत्रमा डा. केसीसँग गरिएको संझौता पूरा गर्छ वा गर्दैन भनेर दुनियाँले व्यङ्ग्यपूर्ण आँखाले सरकारको अनुहारमा हेरिरहेका छन् । सरकारको अनुहारमा देखिने निरीहताले उसलाई नै व्यङ्ग्य गरिरहेको प्रतित हुन्छ । भन्दा वाम र विकासे सरकार भनेर नथाक्ने यो सरकारले ल्याएको नीति तथा सोचभन्दा प्रजातान्त्रिक विचार राख्ने डा. केसीले ल्याएका कार्यक्रम र सोंच प्रगतिशील देखिन्छन् । त्यसैले सापेक्षतामा प्रगति चाहने जनताका आँखा केसीको मागमा पर्न पुगेका हुन् ।

यो वाम भनिने दलाल तथा नोकरशाही सरकारका लागि लाजमर्दो कुरा हो । यसका साथै न्यायाधीश जोशीका सन्दर्भमा पनि न्यायपरिषद्माथि प्रश्न उठेको छ । न्यायपरिषद्का अध्यक्षमा स्वयम् प्रधानमन्त्री केपी शर्मा ओली रहेका छन् । उनीमाथि पनि जबर्जस्त नैतिकताको प्रश्न उठेको छ । ओली र ओली सरकारको नैतिक तथा मनोबल कुनै पनि कुरामा देखिदैन ।

अन्तर्राष्ट्रिय मामलामा पनि ओली सरकार एजेण्डाविहीन बनेको छ । प्रधानमन्त्री भएलगत्तै भारत भ्रमणमा गएका ओलीले १९५० लगायतका सारा असमान सन्धिसंझौताहरू गरेर आएपछि उनको मुखुण्डोधारी राष्ट्रवादी अनुहार वेनकाब भएको थियो । उनी नम्बर एक भारतीय दलालका रूपमा नेपाल फर्किएका थिए । हाल उनले नेपालले एक सार्वभौम र स्वाभिमान राष्ट्रका रूपमा सबै छिमेकी तथा मित्र राष्ट्रहरूसँग व्यवहार गर्नसक्ने हैसियत गुमाएका छन् ।

भारतमा गएर उनले असमान सन्धीसंझौताको पोको लिएर सबै एटुजेड् कार्यानव्यन गर्ने गरी दलाली र चाकरी गरेर मात्र आएका थिएनन्, बरु उनले नेपाल र चीनबीचको बिगतदेखिको परम्परागत मैत्री सम्बन्धलाई पनि दाउँमा राखेर आएका थिए । तदनुरूप भारतीय प्रम मोदी ओलीभन्दा अगाडि चीन पुगेर नेपालको वैदेशिक तथा कुटनीतिक मामलाका सबै कुरामा भारतीय स्वार्थ र हित हाबी हुने गरी चीन-भारत सम्बन्ध कायम गरिसकेका थिए । ओली भारतीय खेतालाका रूपमा चीन भ्रमणमा गएका थिए । चीन भ्रमणका क्रममा उनले नेपालबाट लगेर गएको जम्बो टोली बेइजिङस्थित नेपाली दूतावासमा बसेको र त्यही दूतावासमा व्यापारसम्बन्धी केही संझौताहरू गराएका थिए । चिनियाँ व्यापारीलाई ओलीले रोइधोइ गरेर नेपाली दूतावासमा बोलाई लाज छोप्न यसो गरेका र गराएका थिए । यसको सिधा अर्थ थियो, नेपालसँग चीनले हेर्दै र गर्दै आएको सम्मान र सम्बन्धमा स्खलन ।

अन्तिममा त यतिसम्म पनि भयो कि ओलीले चीनबाट रेल आउँछ भनी गरेको प्रचारको आधिकारिकता नै छैन । वास्तविक संझौता नै भएको छैन । फेरि त्यो रेल ओली वा नेपाल सरकारले पनि ल्याउन लागेको होइन, चीनले ' एक बेल्ट, एक रोड' वा 'सिल्करोड'को अवधारणा कार्यान्वियन गर्ने लक्ष्यअनुरूप नेपालमा ल्याउन लागिएको हो । उनी त प्रोटोकलमा हस्ताक्षर गर्न नपाएरै नेपाल फर्किएका थिए ।

अति दीर्घकालीन र रणनीतिक कुराहरू कहिले रेल, त कहिले जहाजबाट तेल र कहिले कार्गो पानी जहाज र कहिले पाइपबाट ग्याँसका कुरा गरेर हास्यपात्रको पहिचान स्थापना गर्न पुगेका छन् ओली । तत्कालका काम र आवश्यकताहरू अलपत्र पार्ने, तर निकै दूर क्षितिजका कुरा उराल्ने भएकाले उनी व्यंग्य पात्र बन्न पुगेका छन् ।

यिनै राष्ट्रिय र अन्र्ताष्ट्रिय कारणहरूले ओली सरकारका दिन गणना सुरु हुन लागेका हुन् कि ?

# प्रदेश र स्थानीय सरकार 'भूरेटाकुरे राजारजौटा' हुन् : दाहाल



काठमाडौं । नेकपाका अध्यक्ष पुष्पकमल दाहालले स्थानीय सरकार र प्रदेश सरकारका निर्वाचित प्रतिनिधिहरूलाई भुरेटाकुरे राजाको उपमा दिएका छन् । मंगलवार वीरगंजमा आयोजित उद्योग वाणिज्य महासंघको कार्यक्रममा उनले उक्त कुरा बताएका हुन् ।

कार्यक्रममा उपस्थित उद्योगी तथा व्यवसायीहरूको हरेक नगर, उपमहानगर, महानगर तथा गाउँपालिकाले आफ्नो इलाकाभित्र सामान भित्रने बित्तिकै कर लिने र त्यो पनि हजार गुणाका दरले भन्ने सुने पनि दाहालले स्थानीय तथा प्रदेश सरकारलाई भुरेटाकुरे राजारजौटाको संज्ञा दिएका हुन् । उनले हालको गण्डकी प्रदेशमा पृथ्वी नारायण शाहको एकीकरण पूर्वको बाइसे र चौबीसे राजारजौटाको स्थितिलाई दाँजेर भनेका थिए- 'कास्कीमा गयो कर तिर्‍यो, लमजुङ गयो कर तिर्‍यो, भीरकोटमा गयो कर तिर्‍यो, लिगलिगकोट गयो कर तिर्‍यो । अहिले पनि त्यो स्थिति भएमा संघीयता उल्टन्छ । उहिले कर तिर्न नसकेर जनताले नेपाल एकीकरणमा पृथ्वीनारायण शाहलाई सघाएका थिए ।'

दाहाल पछिल्लो चरणमा आदिवासी जनजातिले पहिचानसहितको प्रदेश नामाकरण नभएमा 'फाइट टु फिनिश' वा 'अन्तिम युद्ध' लडिने भनी दिइएको चेतावनीबाट अलि बढी आत्तिएका पनि देखिन्छन् । त्यसैले उनी अर्कैको कार्यक्रममा अर्कैको नाम पारेर आफूभित्र पसेको उकुमुकुसको निकास दिन पाए हुन्थ्यो भन्ने मौका कुरेर पर्खिइरहेका थिए । वीरगंजको कार्यक्रमले उनलाई स्वास फेर्ने मौका दियो । उनले उद्योगी व्यापारीको सहारा लिएर स्थानीय तथा प्रदेश सरकारको नाम उच्चारण गर्दै जनजाति, मधेशी र आदिवासीलाई ठोके । उनले यी सात प्रदेशले त गरिखान सकेनन् भने पहिचानसहितका अरु धेरै प्रदेशका के कुरा भन्ने खालको लाक्षणिक टिप्पणी पनि गर्न भ्याए ।

दाहाल 'कमारोको टाउकोमा कपाल फाल्न सिक्नु' र 'जमिन्दारको खेतबारीमा हलो जोत्न सिक्नु' भन्ने उखान प्रयोग गर्न निकै माहिर छन् । उनले अब आफूहरू संघीयता मास्न तयार रहेको संकेत गर्दै तर यसको कारक भने प्रदेश र स्थानीय 'भुरेटाकुरे राजारजौटाहरू' नै रहेको दोष बोकाउन तर्क गर्न पनि थालिसकेका छन ।

केन्द्रीय सरकार साधनस्रोत र अधिकार विहीन हुन थालेको र प्रदेश तथा स्थानीय सरकारले संघीय सरकारलाई बाँसको लिंगो झैं लिरिलिरी हल्लाइरहेको आभाष पाएपछि दाहालले अब संघीयता नै नराख्नु उचित हुने आशयका साथ यो अभिव्यक्ति निकै चतुर्‍याइँका साथ अभिव्यक्त गरेका छन् ।

# अखिल (क्रान्तिकारी)द्वारा सीटीईभीटीलाई ज्ञापनपत्र

चितवन । नेकपा (क्रान्तिकारी माओवादी) निकट अखिल (क्रान्तिकारी), चितवनले मध्यक्षेत्र सीटीईभीटी क्षेत्रीय कार्यालयमा ३२ बुँदे ज्ञापन पत्र बुझाएको छ । सीटीईभीटीद्वारा सञ्चालित सबै कार्यक्रमहरूको तत्काल वैज्ञानिक शुल्क निर्धारण गरी देशैभरि एकरूपतामा लागु गरियोस् भन्दै उक्त ज्ञापनपत्र बुझाइएको छ ।

अखिल (क्रान्तिकारी) चितवनका अध्यक्ष कृष्ण सुनारद्वारा हस्ताक्षरित ज्ञापनपत्रमा भनिएको छ- 'युवा विद्यार्थीहरूको प्यारो संगठन अखिल (क्रान्तिकारी) स्वाधीन, आत्मनिर्भर, सुशासन तथा सार्वभौम देश बन्नका लागि यो मुलुकमा आजसम्म सञ्चालन भएका जनयुद्ध, जनआन्दोलन र जनक्रान्तिको अग्र मोर्चामा रहि लड्दै आएको सर्वविदितै छ । आज देशमा प्रतिक्रान्ति भएको छ । राष्ट्रियता, जनतन्त्र र जनजीविकाका समस्याहरू विकराल बन्दै गएको छ । वैदेशिक हस्तक्षेप तीब्र रूपमा बढ्दै गएको छ ।'

शैक्षिक तथा स्वास्थ्यका समस्याहरूको कारण उजागर गर्दै विज्ञप्तिमा भनिएको छ- ' शिक्षा, स्वास्थ्य जस्तो राज्यको संवेदनशिल क्षेत्रमा समस्याले सिमा नाघेको छ । शिक्षा तथा स्वास्थ्य क्षेत्र निजीकरण, व्यापारीकरण, दलालीकरण र माफियाकरणको जालोमा जेलिएको छ । शिक्षा, स्वास्थ्यलाई सेवा भन्दा पनि व्यापार र उद्योगमा परिणत गर्न राज्य आफै लागि परेको छ । राज्यलाई आवश्यक पर्ने दक्ष जनशक्ति उत्पादन गर्ने प्राविधिक क्षेत्र समेत शैक्षिक माफियाहरूको क्रिडास्थलको रूपमा परिणत भइरहेको छ ।'

विज्ञप्तिको अन्त्यमा भनिएको छ- 'आर्थिक चलखेलका आधारमा सम्वन्धनहरू खरिद विक्रि हुने गरेका छन् । तर हाम्रो संगठन अविचलित रूपमा निरन्तर शैक्षिक समस्याहरूको समाधान र शैक्षिक क्षेत्रको आमुल परिवर्तनको लागि जस्तोसुकै जोखिम उठाउन पनि पछि नपर्ने संकल्प सहित निम्न मागहरू समेटिएको ज्ञापन पत्र पेश गरेका छौं ।'

# हत्यारालाई हदैसम्म कार्वाहीको माग

बुटबल । नेकपा (क्रान्तिकारी माओवादी)ले आफ्ना सदस्यको टिप्परले ठक्कर दिएर हत्या गरिएको भन्दै दोषीमाथि हदैसम्मको कारबाहीको माग गरेको छ । क्रान्तिकारी माओवादीको ५ नं. प्रदेश का.बा.सचिव भीषणले एक वक्तव्य जारी गरी रूपन्देही पार्टी जिल्ला सचिवालय सदस्य वीरबहादुर गुरुङ आफ्नै काम विशेषले कपिलवस्तुबाट चन्दौटा जाने क्रममा टिप्परले ठक्कर दिएर रूपन्देहीको बुद्धनगरमा उनको विभत्स तरिकाले नियोजित रूपमा ठक्कर दिएर हत्या गरेको जनाएको छ ।

वक्तव्यमा भनिएको छ, 'घटनाको निष्पक्ष तरिकाले छानबिन गरी दोषीलाई हदैसम्मको कार्बाही, घाइतेको उचित तबरले उपचार र पीडित पक्षलाई पर्याप्त क्षेतीपूर्ति दिलाउन प्रहरी, प्रशासन र सम्बन्धित पक्षले तदारुकताका साथ पहलकदमी लिन हाम्रो पार्टी आग्रह र माग गर्दछ' ।

वक्तव्यमा सरकारी काम कारबाहीमा भइरहने प्रशासनको ढिलासुस्ती र लापर्वाहीप्रति इंगित गर्दै भनिएको छ,- ' यदि छानबिन गरी दोषीलाई कार्बाही, घाइतेको उपचार र पीडित पक्षलाई क्षेतीपूर्ति दिन आलटाल, ढिला सुस्ती र कहिकतैबाट घटनालाई ढाकछोप र बंग्याउने दुस्प्रयास भए, गरे त्यसको प्रतिबाद हुने कुराप्रति पनि सम्बन्धित सबैको ध्यानाकर्षण गर्न चाहन्छौ ।'

आफ्नो विशेष कामले कपिलवस्तुबाट चन्द्रौटा जाँदै गरेको अवस्थामा विपरीत दिशाबाट आएको एक टिप्परले ठक्कर दिंदा सोमबार रूपन्देही बुद्ध नगरमा वीरबहादुर गुरुङको घटनास्थलमा नै मृत्यु भएको थियो । आफ्नै साइडमा चलाइरहेको लु.२४ प. ३९९५ को मोटर साइकिलाई विपरीत दिशाबाट आएको ना. ८ ख. १२१४ को टिप्परले ठक्कर दिएपछि गुरुङको घटनास्थलमै मृत्यु भएको थियो । साथै सोही मोटरसाइकलमा सवार उनकी श्रीमती होलिमाया गुरुङको गम्भीर घाइते अबस्थामा बुटवलस्थित जेनिस अस्पतालको आईसीयु कक्षमा उपचार भइरहेको छ ।

वक्तव्यमा 'उपर्युक्त घटनाले नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी) प्रदेश नं. ५ र रूपन्देही जिल्ला समितिलाई स्तब्ध र अत्यन्त मर्माहत तुल्याएको' भन्दै 'मृतक वीरबहादुर गुरुङप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण' समेत गरिएको छ । विज्ञप्तिमा 'घाइते होलिमाया गुरुङको शिघ्र स्वास्थलाभको कामना गर्दै शोकसन्तप्त परिवारजनमा समवेदना प्रकट' गरिनुका साथै गुरुङ नेकपा (क्रान्तिकारी माओवादी) को प्रदेश नं. ५ को सदस्य र रूपन्देही जिल्ला समितिको सचिवालय सदस्य भएको जानकारी पनि दिइएको छ ।

# क्रान्तिकारी माओवादीका सल्लाहकार केदार थापाको श्रद्धाञ्जली सभा सम्पन्न

काठमाडौं । नेपाल कम्युनिष्ट पार्टी (क्रान्तिकारी माओवादी) काठमाडौंका सल्लाहकार केदार थापाको निधन भएको १२ दिनको दिन काठमाडौं जिल्ला पार्टीले आयोजना गरेको श्रद्धाञ्जली सभा कीर्तिपुरको पाँगा स्थित थापाको निजी निवासमा मंगलबार सम्पन्न भएको छ । क्रान्तिकारी माओवादी काठमाडौंकी सचिव सरुको अध्यक्षतामा सम्पन्न उक्त श्रद्धाञ्जलीसभालाई प्रमुख वक्ताको रूपमा पार्टी महासचिव मोहन वैद्य'किरण'ले सम्बोधन गर्नुभएको थियो । सल्लाहकार थापाको असामयिक निधनबाट पार्टीलाई अपुरणीय क्षति पुगेको र उहाँको पार्टी जीवनको निष्ठा, सक्रियताबाट कम्युनिष्ट क्रान्तिकारीहरूले महत्वपूर्ण पाठ सिक्नुपर्ने भन्दै महासचिव किरणले दिवंगत थापाप्रति श्रद्धाञ्जली र शोकाकूल परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्नुभएको थियो ।

श्रद्धाञ्जली सभामा दिवंगत थापाकी श्रीमती अमला थापा, छोराहरू निर्मल, सुभाष र छोरी यमुना थापा, क्रान्तिकारी माओवादीका काठमाडौं इन्चार्ज सुरेश श्रेष्ठलगायतको उपस्थिति रहेको थियो । इन्चार्ज श्रेष्ठका अनुसार दिवंगत ०५४ सालमा पार्टी सदस्यता लिएका थापाले जनयुद्धकालमा विष्फोटक पदार्थहरू लुकाउने, बोक्नेलगायत महत्वपूर्ण भूमिका निर्वाह गर्नुभएको थियो । उहाँ पुराना र इमान्दार क्रान्तिकारी कम्युनिष्ट नेताको रूपमा स्थापित हुनुहुन्छ ।

सुरेश तामाङले सञ्चालन गरेको श्रद्धाञ्जली सभामा क्रान्तिकारी माओवादी नेता कार्यकर्ताहरूको बाक्लो उपस्थिति रहेको थियो ।

# अखिल (क्रान्तिकारी)को मोरङ जिल्ला समिति निर्माण

विराटनगर । शनिबार सम्पन्न एक भेलाले नेकपा (क्रान्तिकारी माओवादी) निकट अखिल (क्रान्तिकारी)को मोरङ जिल्ला समिति निर्माण गरेको छ । भेलाले अध्यक्षमा राजुकुमार साह र सदस्यहरूमा राज कोइराला, सरोजकुमार रहपाल, दिपक ऋषिदेव, किरण ढकाल, किरण विक, धिरेन चौधरी, विक्रम साह, रेवत वस्नेत, सौरभ भण्डारी, संजीव राजवंशी, याचना राजवंशी, रोशन कार्की, नन्दकिशोर साह, घनश्याम साहलगायत रहेको १९ सदस्यीय जिल्ला कमिटी निर्माण गरेको हो ।

## चितवनमा देजमोको विरोध सभा सम्पन्न

चितवन । नेपाल कम्युनिष्ट पार्टी (क्रान्तिकारी माओवादी) समर्थित देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल चितवनले जिल्लाको चौविसकोठीमा शुक्रबार विरोधसभा सम्पन्न गरेको छ ।

'कृषिमाथिको वैदेशिक अतिक्रमण बन्द गरी दुध, तरकारी, कुखुरालगायतका कृषिजन्य वस्तुहरूको उचित मूल्य समायोजन गर, बालबालिकाको अपहरण, हत्या र बलात्कारका घटनाहरूलाई नियन्त्रण गरी दोषीमाथि कडा कारबाही गर' भन्दै आयोजना गरिएको विरोधसभालाई मोर्चाका जिल्ला अध्यक्ष अशोक शर्मा, किसान नेता प्रकाशबाबु खनाल लगायतका नेताहरूले सम्बोधन गरेका थिए ।

कार्यक्रमा क्रान्तिकारी माओवादी, देजमो तथा जबस मोर्चाका नेताहरू विकास, विपिन, दिवाकर, अमृत, मोदनाथ, रामचन्द्रलगायत नेताहरूको उपस्थिति रहेको थियो । विरोध सभाको सञ्चालन अखिल (क्रान्तिकारी)का केस विद्यार्थी नेता अमीत सापकोटाले गरेका थिए । कार्यक्रममा वक्ताहरूले सरकारको चर्को विरोध गरेका थिए ।

## क्रान्तिकारी माओवादी मोरङको तीन दिवसीय प्रशिक्षण कार्यक्रम सम्पन्न

विराटनगर । नेकपा (क्रान्तिकारी माओवादी) शुक्रबारदेखि आइतबारसम्म तीन दिवसीय जिल्ला स्तरीय वैचारिक राजनीतिक प्रशिक्षण सम्पन्न भएको छ ।

प्राप्त समाचार अनुसार साउन २५ गते मोरङको माडवाडी सेवा सदनमा सुरु भएको जिल्ला स्तरीय प्रशिक्षण कार्यक्रम २७ गते सम्पन्न भएको हो । पार्टी सदस्यसम्मलाई दिएको प्रशिक्षण कार्यक्रममा पार्टी महासचिव मोहन वैद्य'किरण'ले पार्टीको कार्यदिशा र पार्टीका स्थायी समिति सदस्य तथा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका अध्यक्ष सिपी गजुरेलले मार्क्सवादको तीन संघटक अंग, विश्व तथा नेपाली कम्युनिष्ट आन्दोलनको बारेमा प्रशिक्षण दिएका दिए । मोरङ जिल्ला इन्चार्ज सीताराम बुढाथोकीको अध्यक्षतामा सम्पन्न प्रशिक्षण कार्यक्रममा पार्टीका पिविएम तथा १ नं. प्रदेशका कार्यवाहक सचिव नगेन्द्र राई, केन्द्रीय सदस्यहरू मीनकुमार राउत, केदार गुरागाई, मनोज श्रेष्ठ, डिल्लीराम बोहोरा, अमर परियारलगायतका नेताहरूको समेत उपस्थिति रहेको थियो । प्रशिक्षण कार्यक्रमकै बीचमा देजमो, युवा र विद्यार्थीका जिल्ला कमिटिको निर्माण गरिएको अखिल (क्रान्तिकारी) १ नं. प्रदेश संयोजक ज्ञानु खतिवडाले बताइन् ।

## देजमो मोरङको अध्यक्षमा भिमप्रसाद मिश्र

विराटनगर । देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालको आइतबार सम्पन्न भेलाले नेता भिमप्रसाद मिश्रलाई अध्यक्षमा चयन गरेको छ । मोर्चाको सचिवमा होम अधिकारीलाई चयन गरेको भेलाले सदस्यहरूमा गणेश खड्का, लक्ष्मीमाया विक, धनमाया विक, जंगबहादुर मुदियारी, शान्ति मुदियारी, सुमित्रा राय, कमल पाण्डे, गोपाल मगर, भानुलाल ठाकुर, बेचन मिया, बासु उराउ लगायत २१ जना रहेका छन् । भेलाको प्रमुख अतिथि मोर्चाका केन्द्रीय अध्यक्ष सीपी गजुरेल हुनुहुन्थ्यो ।

## प्रकाण्डलगायतका...

गर्दै बुधबार जारी गरेको वक्तव्यमा भनिएको छ, 'नेपाल कम्युनिस्ट पार्टी (विप्लव)का स्थायी समिति सदस्य तथा प्रवक्ता क.प्रकाण्डसहित तीन जना कमरेडहरूलाई नेपाल सरकारले यही साउन २२ गते साँझ काठमाडौंको दक्षिणकालीबाट गिरफ्तार गरेको समाचार प्रकाशमा आएको छ । आफूलाई वाम तथा कम्युनिस्ट बताउने सरकारले कम्युनिस्ट क्रान्तिकारीहरूलाई यसरी गिरफ्तार गर्नु अत्यन्तै विडम्बनापूर्ण,निन्दनीय र दुःखद विषय हो । हाम्रो पार्टी यस प्रकारको गिरफ्तारीको घोर विरोध एवम् भर्त्सना गर्दछ । साथै, हाम्रो पार्टी गिरफ्तार गरिएका कमरेड प्रकाण्ड लगायत सबै नेता तथा कार्यकर्ताहरूको विनाशर्त अविलम्ब रिहाई गर्नका लागि सरकारसँग जोडदार माग गर्दछ ।'

यसैबीच, नेत्रविक्रम चन्द'विप्लव' नेतृत्वको नेकपाका स्थायी समिति सदस्य तथा प्रवक्ता खड्गबहादुर विश्वकर्मा'प्रकाण्ड'लाई प्रहरीले गिरफ्तार गरेपछि एक वक्तव्य जारी गर्दै विप्लवले नेपाल बन्दको घोषणा गरेका छन् । वक्तव्यमा प्रवक्ता प्रकाण्डसहित तीन जना हिजो साढे ७ बजे काठमाडौंको दक्षिणकालीबाट गिरफ्तारमा परेको पुष्टि गरिएको छ । पक्राउ गरिएका नेता प्रकाण्डलगायत सबै गिरफ्तार नेता कार्यकर्ताको अविलम्ब विना शर्त रिहाई नगरिए प्रतिरोधात्मक संघर्षको थालनी गर्ने भन्दै उनले साउन २९ गते नेपाल बन्दको कार्यक्रम घोषणा गरेका छन् ।

वक्तव्यमा विप्लवले केपी सरकारले राजनीतिक अधिकारमाथि एकपछि अर्को गर्दै प्रतिबन्ध लगाउँदै गएको भन्दै सरकारको यो रबैयाको कडा प्रतिवाद गर्न सच्चा लोकतन्त्रवादी र देशभक्तलाई आव्हान गरेका छन् ।

# ‘हामी उत्तर कोरियासँग साम्राज्यवादविरोधी मोर्चा बनाएर जान तयार छौं’ : मोहन वैद्य ‘किरण’




काठमाडौं । अमेरिका लगायत अन्य साम्राज्यवादी शक्तिहरूले उत्तर कोरियामाथि लगाइरहेका नाकाबन्दी विरुद्धमा उत्तर कोरियासँग मिलेर साम्राज्यवादविरोधी मोर्चा बनाएर जान आफूहरू तयार रहेको नेकपा (क्रान्तिकारी माओवादी)का महासचिव मोहन वैद्य ‘किरण’ले बताएका छन् । उक्त कुरा महासचिव किरणले नेपाल कोरिया लेखक पत्रकार मञ्चद्वारा सोमबार ललितपुर पुल्चोस्थित होटल ग्रिनवीच भिलेजमा आयोजित एक अनतरक्रिया कार्यक्रममा बताएका हुन् ।

किरणले अमेरिका लगायत सबैखाले साम्राज्यवादविरुद्ध संघर्ष गर्दै जाने क्रममा पछिल्लो अवस्थामा अमेरिका र उत्तर कोरियाको बीचमा भएको सिंगापुर शिखर वार्ताले सकारात्मक सन्देश दिएको बताएका छन् । उनका अनुसार संघर्षका क्रममा राजनीतिक र कुटनीतिक दुबै पहल कदमीलाई बदलिएको परिस्थितिअनुरूप प्रयोग गर्ने क्रममा उत्तर कोरियाले वार्ताको कुटनीतिक कदम अघि सारेको हुन सक्छ । उनले भने- हामीहरू कोरियालाई आवश्यकताअनुसार गरिने वार्ता सम्झौतालाई लडाईंको अर्को रूपमा लिँदा गल्ति हुदैन, तर सम्झौतावादमा फसियो भने सबै कुरा सिद्धिएर जाने तथ्यप्रति सर्तक र चनाखो हुन सुझाव पनि दिन चाहन्छौं । उनले थपे- शिखर वार्तापछि अमेरिका र उत्तर कोरिया बीचमा सिर्जना भएको शंकाआशंका र भ्रमपूर्ण प्रचारप्रति सदैव चनाखो रहन घचघच्याउँछौं । विश्वले अमेरिका उत्तरकोरिया वार्ताबाट जनताको जीत हुने राम्रो र सकारात्मक सन्देशको अपेक्षा गरेका छन् ।

मन्तव्यको क्रममा किरणले भने- उत्तर कोरियाले कोरियाली विशिष्टतामा क्रान्ति सम्पन्न गरेको र देशलाई समृद्ध र आणविक अस्त्र सम्पन्न देशका रूपमा उभ्याउन पुग्नु जुछे विचारधाराको सफलतम् प्रयोग हो । स्वावलम्बन र आत्मनिर्भरता जुछे विचारधाराका मुख्य तत्वहरू हुन् । हामीले अध्ययन गरेअनुसार जुछे विचारधाराले परिकल्पना गरेका तीन क्रान्ति भनेका विचारधारात्मक, प्राविधिक र सांस्कृतिक क्रान्तिहरू हुन् । यी क्रान्तिहरू उत्तर कोरियाको सन्दर्भमा सही साबित पनि हुँदै गएका छन् । विश्व नाकाबन्दी सहेर पनि यसले यी तीन क्रान्तिलाई युनिफाइड बनाएर अघि बढाएको छ ।

परिवर्तित र विकसित आजको एक्काइसौं शताब्दीको सन्दर्भ कोट्याउँदै महासचिव किरणले भने- अमेरिका निकै कुटनीतिक ढंगले अघि बढिरहेको छ । अर्कोतिर चीनले सि जिन फिङ विचारधारालाई अघि बढाएको पनि छ । यस्तो अवस्थामा जुछे विचारधारालाई पनि छलफल र बहसमा अगाडि ल्याइनु पर्छ । समाजवाद निर्माण गर्ने विचारहरू वर्गसंघर्षको भट्टीमा व्यवहारिक रूपमा अभिव्यक्त हुन सक्नु पर्छ । हामीहरू साम्राज्यवादविरुद्ध मोर्चा निर्माण गरी अघि बढ्न तयार हुनु पर्छ र छौं पनि । अन्तरक्रिया कार्यक्रममा उत्तर कोरिया ‘कास्क’का उपनिर्देशक छोइ कोवानले जुछे विचारधाराको सही प्रयोगले उत्तर कोरियालाई आजको यो उचाईमा पुर्‍याउन सफल भएको बताएका थिए । त्यसै गरी कोरियाका अर्का अतिथि लेकचरु उ सोउ चोलले कोरिया स्वतन्त्र बनाउन आम जनसमुदायको असीमित शक्तिसँग पार्टीलाई एकाकार बनाएर जुछे विचारधाराले आफूहरूलाई मुक्ति दिलाएको बताएका थिए ।

अन्य वक्ताहरूमा फणिन्द्र पन्तले जुछे विचारधारात्मक उदेश्य र लक्ष्य भएको र सोंगुन नीति त्यसको साधन भएको बताएका थिए । त्यसै गरी शंकर भट्राईले विचार र शक्तिका रूपमा जुछे र सोंगुन एकसाथ अघि बढेको बताएका थिए । वक्ता डा. रामशरण ज्ञवालीले सुन जति जलाए पनि चमक नहराउने, चन्दन जति टुक्रा पारे पनि बासना आउन नछाड्ने र उखु जति चिरे पनि गुलियो भइरहने भएजस्तै उत्तर कोरिया हरेक समस्याको सामना गरेर अहिले समृद्धहुँदै गएको छ भन्दै नेतृत्व आँखा र जनता हात बनेर अघि बढ्दा कसैले रोक्न नसक्ने बताए । उनले हातले काम गर्दा आँखाले देख्नु पर्ने र आँखामा आँशु आउँदा हातले पुछ्नु पर्ने जस्तो नेता र जनताको बीचमा हुनुपर्ने गहिरो सम्बन्धलाई मनन् गर्नुपर्ने जरुरी भएको बताए । त्यसै गरी अर्का वक्ता मणि लामाले जुछे विचारधारा मार्क्सवादसम्मत विचार भन्दै यो साम्राज्यवादविरोधी पनि छ, तर हालको वार्तापछि यसलाई जोगाउन सकिन्छ कि सकिदैन भन्नेमा आशंका उठेको छ भनेका थिए ।

अर्का सहभागी वक्ता सीपी मैनालीले नेता किम इल सुङले देशभित्र र देश बाहिर रहेका जनताका बैरीहरूसँग लडेर कोरियालाई मुक्त गराए । यही प्रक्रियामा जुछे विचारधारा र संगुन पोलिसीको विकास भएको बताउँदै उत्तर कोरियाबाट सिक्नुपर्ने पाठहरू धेरै भएको बताएका थिए ।

अशोक सुबेदीको अध्यक्षतामा भएको उक्त कार्यक्रममा अग्निराज पौडेलले स्वागत भाषण गरेका थिए । कार्यक्रममा अतिथिहरूलाई खादा ओढाएर सम्मान पनि गरिएको थियो ।

# इरानविरुद्ध अमेरिकी नाकाबन्दी युरोपद्वारा अस्वीकार



काठमाडौं । इरानमाथि अमेकाले एकतर्फि नाकाबन्दी घोषणा गरे पनि युरोपीय युनियनले त्यो अस्वीकार्य हुने बताएको छ । तर अमेरिकाले सबै देशहरूलाई नाकाबन्दीमा साथ दिन र इरानसँग व्यापार नगर्न अनुरोध गरेको छ । तर रसियाले पनि यो नाकाबन्दीको कडा विरोध गरेको छ ।

इरानले यो अमेरिकाको दादागिरी भएको र अमेरिका सन् २०१५ को आणविक सन्धिबाट पछि हटेको बताएको छ । अहिलेको नाकाबन्दी अमेरिकी लहड मात्र भएकाले यसले इरानमाथि खासै असर नपार्ने र इरानले यस अघि पनि निरन्तर अमेरिकी नाकाबन्दी खेप्दै आउँदा बानी परिसकेको बताएको छ ।

अमेरिकी राष्ट्रपति ट्रम्पले इरानमा लगानी गर्ने कम्पनीहरूमाथि प्रतिबन्ध लगाइने भनेपछि त्यहाँ रहेका विदेशी कम्पनीहरू भने इराने छाड्ने मानसिकतामा रहेका छन् । जर्मन कार कम्पनी डायमरल इरानबाट बाहिरिने तरखरमा रहेको बताइएको छ ।

यो इरानका लागि हालसम्म गरिएको पछिल्लो र कडा खालको भएको टिप्पणी अन्तर्राष्ट्रिय सञ्चारमाध्यमहरूले गरेका छन् । तर इरानमाथि अन्याय गरिन्छ भने आफूहरू जस्तो सुकै कठिनाइ पनि भोग्न तयार रहेको राष्ट्रपति हसन रौहानीले बताइएका छन् ।

## भारतीय सीमा प्रहरीको दुर्व्यवहार रोक्न सीमानाकामा हेल्पडेस्क

काठमाडौं । हालै छिमेकी देश भारतको राजधानी दिल्लीमा बसेको तेस्रो सुरक्षा सहयोग सम्बन्धि बैठकले दुवै देशको सीमा नाकामा हेल्पडेस्क निर्माण गर्ने भनी सहमति गरेका छन् । यो हेल्प डेस्कमा दुवै देशका सुरक्षाकर्मीहरू रहने छन् । र, हेल्प डेस्कले संयुक्त रूपमा काम गर्ने पनि जनाइएको छ ।

खुला सीमा भएका कारणले नेपालमा भारतीय नागरिक र भारतमा नेपाली नागरिकहरू कमाइ गर्नका लागि बाक्लो आउजाउ गर्ने गर्दछन् । वर्षभरि कमाइ गरे पनि चाडपर्वमा घर आउने र जाने प्रचलन पनि रहिआएको छ । यसरी चाडपर्वहरूमा घर आउँदा र जाँदा सीमा नाकामा सीमा प्रहरीहरूले गर्न गरेको दुर्व्यवहार आम जनताको आलोचनाको विषय बन्ने गरेको छ ।

त्यसमा पनि भारतीय सुरक्षाकर्मीहरूको दुर्व्यवहार, रकम असुली, अनावश्यक केरकार र बेकसुर हिरासतसम्मका कुराहरू निकै नै विचारणीय छन् । नेपाली तथा भारतीय नागरिकहरू भारतीय सीमा सुरक्षाकर्मीहरूबाट बढी प्रताडित हुने गरेका छन् ।

हाल नेपाल र भारत दुवै देशका सीमा सुरक्षाकर्मीहरूबाट सहमतिमा हेल्प डेस्क निर्माण गरेपछि भारत नेपाल आउजाउका लागि सहज हुने अपेक्षा गरिएको छ ।

# टर्कीमा गहिरिंदो आर्थिक संकट

काठमाडौं । टर्कीको मुद्रा लिराको भाउ निकै घट्दो क्रममा छ । पोहर साल अमेरिकी डलरको तुलनामा ४० प्रतिशतले गिरावट आएको लिरा अहिले ६० प्रतिशतले घट्न थालेको छ । मुद्रा अवमूल्यनले निम्त्याएको संकट देशले धान्न सक्छ वा सक्दैन भन्ने बहस चल्न थालेको छ ।



यो संकट आउनुमा त्यहाँका अर्थविदहरूका अनुसार टर्कीले लिएको धानी नसक्नुको वैदेशिक ऋण नै हो । लिएको ऋणको ब्याज पनि तिर्न नसकेर टर्की अब राष्ट्रिय संकटमा फसिसकेको छ । देशको आर्थिक उत्पादन दिनप्रतिदिन घट्दै गइरहेको छ । परनिर्भता ह्वात्तै बढेर गएको छ । टर्कीबाट विदेश निकासी गरिने सामानहरूको मूल्य अन्तर्राष्ट्रिय बजारमा निकै सस्तो भएर जानाले व्यापार घाटा तिब्ररूपमा बढेर गएको छ ।

अहिले पछिल्ला दिनहरूमा आएर अमेरिकाले स्टिल र आल्मुनियममा बढाएको व्यापार कर टर्कीमा दोब्बर हुन आएको छ । यसले आर्थिक रूपमा खस्कदै गएको टर्कीलाई घाउमा नुनचुक भैं हुन गएको छ ।

# ‘स्पेस वार’ : ट्रम्पको डलर कमाउने नयाँ धन्दा ?

अमेरिका नयाँ युद्धभूमिको खोजीमा लामो समयदेखि लागिरहेको थियो । यसका पछाडि मूलतः तीनवटा कारणहरू रहेका छन् । पहिलो हो, अमेरिकी अर्थतन्त्र कसरी पार लगाउने ? दोस्रो हो, चीनको आर्थिक उन्नतिलाई कसरी धराशायी बनाउने र तेस्रो हो, विश्वमा अमेरिकी साम्राज्यवादी हैकम र दम्भ कसरी कायमै राखिरहने ?

अमेरिकामा ट्रम्पको उदयभएपछि ‘स्पेस वार’ले हल्लाखल्ला र चर्चा पाएको छ । ट्रम्पका अनुसार यो काम हुनै पनि लागिसकेको छ । अमेरिकाले ढिलोचाँडो ‘स्पेस फोर्स’ गठन गरिसकिने बताएको पनि छ । उसले बताएको स्पेस फोर्स अन्तरिक्ष युद्ध लड्नका लागि हो ।

प्रयोग हुने साधन र प्रक्रियाका हिसाबले त्यो युद्ध या त ड्रोन पठाएर लडिने छ, या त रकेट प्रक्षेपणको विधिबाट । त्यस अतिरिक्त रोबोट निर्माण तथा परिचालन गरेर पनि लडिने छ । शायद यसमा अत्यधिक सौर्य उर्जाको संचय, त्यसको प्रयोग र परिचालनमा ध्यान दिइने छ । यो अति महङ्गो प्रविधिको युद्ध हुने छ ।

पृथ्वीमा शायद चीनको प्रभुत्व र चिनियाँ अर्थतन्त्रको विस्तार अरुले सोचेभन्दा कैयौं गुणा अगाडि गइसकेको छ । अहिले त कतिसम्म भएको छ भने चीन उदारवादी अर्थतन्त्रको पक्षमा उभिएको र अमेरिका संरक्षणवादी अर्थतन्त्रको पक्षमा धकेलिएको अवस्था सिर्जना हुन गएको छ । अमेरिकाले मेक्सिकोको सिमानामा पर्खाल उठाउने कुरा गर्ने र जी-७ तथा जी-२० जस्ता व्यापार साझेदारहरू आफ्नो पक्षमा नरहेको बताउने गर्नाले पनि अमेरिकाको यो पृथ्वीमा विस्तारै वर्चस्व हट्दै गएको थाह पाउन सकिन्छ ।



अमेरिकाले भर्खरै स्वीकार गरेको छ कि ‘नेटो’ अब काम लाग्ने अवस्थामा छैन । यसको अर्थ हो अमेरिका र यसका साझेदारहरूको पहिलेको जस्तो बर्चस्व अब यो धरतीमा टेकेर मात्र रहने स्थिति छदैछैन । त्यसैले ट्रम्पले ‘नेटो’को ठाउँमा ‘स्पेस फोर्स’का कुरा गरेका छन् । उनले लड्ने निशानाका रूपमा रुस, चीन, इरान र उत्तर कोरियाले अन्तरिक्षमा राखेका भूउपग्रहहरूलाई बनाउने बताएका छन् ।

यति भएपछि एक त स्पेस वारका साझेदार देशहरूसँग ‘यति’ र ‘उति’ डलर ल्याउ भनेर ध्वाँस लगाउन पाइयो । यसले धराशायी अमेरिकी अर्थतन्त्र केही उठाउन सहयोग गर्ने भयो । दोस्रो कुरा अमेरिकी टेक्नोलोजी विक्री गर्न पाइने भयो । यसबाट ट्रम्प जस्ता धनकुवेरहरूले ट्रिलियन डलरमा मुनाफा कमाउन पाउने भए । बीसबीस वर्षसम्म डेमोक्र्याटका बाराक ओबामा र बिल क्लिन्टनहरूले अमेरिकामा राज गर्दा सुख्खाटाट परेका रिपब्लिकन ट्रम्प लगायतका धनकुवेरहरू गुमेका बीसौं वर्षका सावाँव्याज एकै पटक असुलउपर गर्न पाउने भए । अर्कोतिर युरोप लगायतका देशहरू चीन र रुसका विरुद्ध लड्नै पर्‍यो, सहभागी हुनै पर्‍यो । तिनीहरूको अन्यत्र जाने ठाउँ पनि छैन ।

अर्को महत्वपूर्ण कुरा ‘स्पेस वार’ निकै महँगो लडाइँ हो । त्यो लडाइँ लड्न पाए चीन, रुस, इरान, ब्राजिल तथा अन्य देशहरूलाई कङ्गाल बनाउन पाइने भयो । त्यसपछि पृथ्वीमा अमेरिकाकै दमदमी चलिरहन्छ भन्ने सोचमा ट्रम्प पुगेको देखिन्छ । यसका साथै स्पेस वार गरिने नै भइयो भने त युरोप लगायतका पुँजीवादी मुलुकहरूले रिसले बङ्गारा चपाउँदै भएपनि अमेरिकालाई नै नेता नमानेर जाने वातावरण सिर्जना हुने भयो ।

‘स्पेस वार’ मूलतः यिनै उद्देश्य प्राप्तिका लागि अमेरिकाले नार्न गइरहेको देखिन्छ ।

# सुदूरपश्चिमलाई झलक्क हेर्दा

● क्षितिज ●

आषाढको वर्षे झरीसँगै म सुदुरपश्चिमतिर लागे । उपत्यका वरिपरि काम गरिहेकाले सुदुरपश्चिम जाँदा स्वभाविक रूपमा नयाँ र नौलो पनि हुने छ भन्ने लागेको थियो । बसको लामो यात्रा गरेर म सुदुरपश्चिम पुगे । पहिले त्यहाँको भाषा एकदमै नौलो लाग्यो । नेपालको पूर्वी बेल्टलाई हेर्ने दृष्टिकोण पनि नौलो लाग्यो । त्यहाँको




आम मनोविज्ञान भनेको पूर्वका शाशकहरू हुन् र तिनले हामी पश्चिमाहरूलाई शासित बनाउँछन् भन्ने रहेछ । त्यो कुरा पार्टी, नेता, कार्यकर्ता, कर्मचारी सम्म पनि देखिन्छ । पूर्वीयाहरूले जति सुकै राम्रो व्यवहार गरे पनि पूर्वियाहरू पूर्विया नै हुन्, शासक हुन् भन्ने मनोविज्ञान जब्बर रहेछ ।

भौगोलिक रूपले निकै विकटता, केन्द्र सरकारले नियोजित रूपमा पछि पारेको जस्तो देखिन्छ । बाटोघाटो, भौतिक पूर्वाधार निर्माण आदि सबै हिसाबले पछि पारिएको छ । बाटाहरू निकै घुमाउरा र कुनै कुनै त बस्ती नछोएका पनि छन् ।

मलाई त काठमाडौं-मकवानपुरको बाईरोड जस्तै लाग्यो । भूबनोटको हिसाबले पनि यस्तो भएको हुनु पर्छ । अर्को कुरो नेपाल एउटा देश भएर पनि राम्रो हेलमेल नभएर होला । पूर्विया र पश्चिमा नेपाली भिन्दै भए जस्तो ।

भूगोलको हिसाबले काठमाडौंको त के कुरा गरौ, नेपालगञ्जसम्म आउन पनि उनीहरू धेरै टाढा मान्दा रहेछन् । त्यहाँबाट दिल्ली जान नजिक मान्दा रहेछन् । सजिलो पनि । यो त हेलमेल, मनोविज्ञान र सम्पर्क सम्बन्धमा असर पर्ने कुरा हो । कर्णालीमा पुल नबन्नु पनि यसको एउटा कारण हो । कर्णालीमा २०/२५ वर्ष भयो होला पुल बनेको पनि । पूर्वी र पश्चिमी नेपाल जोडिएको बढीमा दुई दशक त भयो । त्यसैले पनि पूर्विया र पश्चिमा नेपालीहरू बीच हिमचिम र जनस्तरमा सहकार्य पनि थोरै र अपुग छ ।

पहिलो सत्ता र व्यवस्थामा पहुँच भएकाहरूका लागि काठमाडौं आउजाउ निकै सहज छ । तर, आम जनताका लागि निकै कठिन छ । त्यहाँ बसेका जनतालाई कैलाश पर्वत यात्रा गरे जस्तो छ राजधानीको यात्रा । पश्चिम नेपाललाई काठमाडौंका शासकहरूले केवल प्रयोग गर्ने मात्र गरे कि भन्ने पनि देखिन्छ ।

त्यहाँ सामाजिक व्यवस्थाका हिसाबले पनि पुरानै परम्परा कायम छ । कुत वा कर तिर्न नसकेकाले ती ऋणीहरूलाई इण्डिया लगेर बेचेर कुत वा कर वा ऋण असुलउपर गरेको भन्ने कुराहरू हिजोका दिनसम्म जिउँदै छन् । यसको अर्थ पुरानै परम्परा कायमै छन् । उनीहरूको राष्ट्र र राष्ट्रियताप्रति लगाव निकै छ, तर केन्द्रिय सरकार र शासकविरुद्ध निकै आक्रोशित र बेखुशी छन् । राजनीतिक दलहरूसँग पनि उनीहरू सन्तुष्ट छैनन् ।

सुदुर पश्चिममा ९ वटा जिल्लाहरू छन् । तर त्यहाँ ६, ७ वटा भिन्न भाषाहरू बोलिन्छन् । डोटीको अलग्गै र डडेल्धुराको अलग्गै छ । अछाम र बाजुराको पनि फरक छ । कैलाली र कञ्चनपुको फरक छ । त्यहाँ संस्कृत भाषाको अपभ्रंश भएको भाषिक स्वरूप पाइन्छ । लय, शैली आदि संस्कृत जस्तै छन् । यो मौलिकता जोगाउनु पर्छ भन्ने पनि उनीहरूको हुटहुटी देखिन्छ

सुदुर पश्चिममा नेपाल भनेपछि काठमाडौं खाल्डो र त्यसको वरिपरि मात्र भन्ने पनि छ । हामी नेपालभन्दा अलग हौ भन्ने धारणा पनि पाइन्छ । भाषा, शैली, भेषभूषा र रहनसहन फरक भएकाले हामी फरक हौ भन्ने सोच प्रचुर मात्रामा छ । अन्तरविरोधका हिसाबले हुने खानेहरू अलग्गै देखिन्छन् र सर्वसाधारणहरू उस्तै पीडामा छन् । रैती राख्ने र छाउपडी राख्ने प्रथा कायमै छ ।


पढेलेखेका सत्तामा पहुँच भएका र कही पढेलेखेकाहरूले एनजीओ तथा आईएनजिओलाई जीवनयापनका माध्यम बनाएका छन् । उनीहरू यस संस्थाबाट भ्रमित छन् र संसदवादीहरूबाट वाक्क दिक्क छन् । भ्रमित पनि छन् । भ्रम चिर्न समय पनि लाग्छ । तर भ्रम साफ भए बाटो उज्जवल पनि छ । यो सकारात्मक पक्ष हो ।

त्यहाँको तराइ भनेको कैलाली र कञ्चनपुर हुन् । त्यहाँ पहाडबाट बसाइसराइ गरेका अतिरिक्त तीन जातका थारु संप्रदाय बसोबास गर्दछन् । एक हो डगौरा थारु, जो दाङ देउखुरीबाट गएका हुन् । अर्का छन् रानाथारु, जो त्यहाँ पहिलेदेखि बसोबास गर्दै आएका तर इण्डियाबाट आएका हुन् । अर्को थरिका स्थानीय । ती तीन थरिका थारुहरूमा पनि एक अर्कोमा विभेद र उचनिचको व्यवहार देखियो । पहाडबाट तराईमा झर्ने बित्तिकै कमैया कम्लरी राख्ने प्रथा पनि जीवितै छ । चाडपर्वमा दारूपानीका लागि ऋण लिने र तिर्न नसकेपछि कमैया कम्लरी बस्ने गरेको प्रचलन रहेछ ।

पछिल्लो चरण जनचेतनामा वृद्धि भएपछि त्यहाँका पहाडिया विरुद्धको अभियानका रूपमा केही एनजीओ तथा आईएनजीओहरूले उक्साएको देखिन्छ । साम्प्रदायिकतामा बल गरेको पनि पाइन्छ । पूरै त होइन, तर यसको केही मात्रा टीकापुर काण्डमा पनि अभिव्यक्त भएको थियो । उत्पीडित जाति र मुक्तिको कुरा भन्दा पनि जातीय मात्र बनाएर यसलाई दुरूपयोग गरेको देखिन्छ । यसलाई संभ्फाएर बुझाएर सर्वहारा वर्गीय आन्दोलन र चेतनासँग जोड्ने हो भने त्यहाँको वास्तविक उत्पीडन र उत्पीडित जाति र क्षेत्रलाई माथि उठाउन सकिन्छ ।

काठमाडौं केन्द्र भए जस्तै कैलाली र कञ्चनपुर सुदुपश्चिमका ९ वटा जिल्लाहरूको केन्द्रका रूपमा रहेका छन् । जनप्रवाह पनि त्यहाँ देखिन्छ । पहाड र तराइको त्यो लाइफ लाइन नै हो । त्यहाँ ९ वटै जिल्लाका मानिसहरू बसोवास गर्दछन् । तीनवटै जिल्लाहरूको मनोविज्ञान छ । अन्तरविरोध पनि नौवटै जिल्लाका छन् । त्यहाँ सबैको मनोविज्ञान बुझ्नु पर्दो रहेछ । कैलाली र कञ्चनपुरलाई ९ वटै जिल्लाको अन्तरसम्बन्ध र अन्तरविरोधको रूपमा बुझ्नु पर्छ । त्यहाँको जनताका बीचमा अन्तरविरोध हल गर्न यो गुत्थिएको अन्तरविरोधलाई बुझ्नुपर्छ । यसका लागि मसिनो गरेर अन्तरविरोधलाई केस्रा केस्रा गरी केलाउनु पर्छ ।

जनताका अन्तरविरोध र समस्याहरू जस्ताका तस्तै छन् । विकल्पको उपाय खोजिरहेका छन् । हाम्रा साथीहरू र कमरेडहरू हिजोकै मनोविज्ञान, शैलीआचार र तौरतरिका अनुसारका छन् । तर परिस्थिति फेरिएको छ । अहिलेको बदलिएको परिस्थितिअनुसार हाम्रा साथीहरूमा बदलाव आउनु जरुरी छ । त्यो सचेततापूर्वक ल्याउन जरुरी पनि



छ । क्रियाशीलता, लगाव र चिन्तन मनन् भएमा बल्ल यो काम गर्न सकिन्छ ।

सुदुरपश्चिम हेर्दा यहाँको विकटतालाई पनि भूल्न सकिदैन । हरेक बाटाघाटाहरू मुदु हल्केलामा लिएर हिँड्नुपर्ने अवस्थामा छन् । त्यहाँबाट काठमाडौं आउनजति सकस छ, इण्डिया दिल्ली जान निकै सजिलो छ । दार्चुलाबाट अत्तरिया आउनुभन्दा दिल्ली नजिक रहेछ, सेवा सुविधाका हिसाबले । यसरी आफ्नै प्रदेश राजधानी आउन पनि निकै सकस छ ।

सीमा क्षेत्रमा रहने त्यहाँका जनतालाई सीमासम्बन्धि अन्तरराष्ट्रिय कानुन, देशीय कानुन, पञ्चशीलका कुराहरू तथा दशगजा संरक्षण र छिमेकीसँगको सम्झौता आदिबारे बुझाउनु जरुरी छ ।

## कविता


### गन्तव्यमा क्रान्ति पुग्दा



● धनेश्वर पोखरेल

जीवनबाट निराश भई
मृत्युको बाटो रोजेर
मर्न चाहनेलाई मर्न देऊ
मर्नु र जन्मनु प्रकृतिको नियम हो
एकदिन सबैले मर्नु नै छ
तर,
मृत्युको मूल्य थाह नपाउनेहरू
अनायास सुसाईड गर्छन्
र इतिहासबाट विलोप हुन्छन् ।
सुदुर यात्राबाट पथ विचलित भएर
भाग्न खोज्नेलाई भाग्न देऊ
भाग्नु कायरताको प्रतिक हो
क्रान्तिको उत्सर्गको बेला गद्दारी गर्नुभन्दा
पहिल्यै भाग्नु पर्दथ्यो कायरहरू
मगज बिग्रेर कसैले सुसाइड गर्दैमा
क्रान्ति मर्दैन ।
पथ विचलित भएर
बैरीको दासत्व स्वीकार गरी
लम्पसार पर्दै
केही भगौडाहरू भाग्दैमा
अवरुद्ध हुदैन क्रान्ति ।
क्रान्ति दर्शन हो र विज्ञान पनि
क्रान्ति विचार हो र राजनीति पनि
क्रान्ति संघर्ष हो उथलपुथल पनि
यस्को आफ्नै नियम हुन्छ ।
कहिले चढावमा माथिमाथि पुग्छ क्रान्ति
कहिले उतारमा तलतल झर्छ क्रान्ति
कहिले जीतमा अगाडि बढ्छ क्रान्ति
कहिले हारमा पछाडि हट्छ क्रान्ति ।
यही द्वन्द्वका बीचबाट बक्र रेखाको आकृतिमा
आरोह र अवरोहका श्रृङ्खलाहरू पार गर्दै
अजङ्गका पहाडहरू भत्काएर
एउटा कुशल नेतृत्वको अगुवाइमा
एकदिन ज्वारभाटा झैं उर्लिएर
आफ्नो गन्तव्यमा पुग्छ क्रान्ति ।
त्यसबेला,
न कोही कायरहरू भाग्न पाउने छन्
न कोही भगौडाहरू लुक्न पाउने छन्
होसियार !
कलियुगका
ख ... ल ... ना ... य ... क ... ह ... रु !!

## भेल



● कृष्ण भक्त महर्जन (कगेन्द्र)

साउने भेल हो कि
मान्छेको भेल हो
बुझ्न गाह्रो छ
लेकबाट बग्दा
नदी बन्छ
चुरेबाट बग्दा
खहरे बन्छ
के ताक्छ थाह हुँदैन
कहाँ बग्छ थाह हुँदैन
कतै सिलिए
कोही जिलिए
खुब खेलाउने बानी
खुब खेल्ने बानी
जस्ताको तस्तै
ढिडोलाई निस्तै
जलमहल हुर्किए
ताजमहल पर्याँकिए
बेथितिमा बस्यो
थितिमा बस्यो
सुखदुःखको समिश्रण
उद्गन गाह्रो
गिर्न सजिलो
गठजोड राँकीई हाले
मुखुन्डो ओढिहाले
जन्मिनु नियम
मर्नु नियम
अबिरल विजयको हुरी
लालिगुराँसको लुकामारी
कसैको बाँस
कसैको नास
छितिजको चिच्याहट
सिमसिमे पानी गर्जाहट
गाली गलौज
हिलो मैलो
मृग चालको नयन
टपरटुईंयाको निर्मम
कठोरौं कठोर
खुद्रम खुद्री
जति हातखुट्टा बाँध
जतिसुकै बाचा बाँध
भेल त भेलैले हाने

## वामको...

पनि हुन नपाउने भएकाले छलफलको यो प्रक्रियालाई गोलमेचको शैलीमा गरेमा सापेक्षिक निचोडमा पुग्न सकिने कुरा बताउनु भएको थियो । त्यसो भएमा आगामी कार्यक्रमका लागि दिशाबोध, मार्गनिर्देशन, बुझाइमा एकरूपता र संगठित कार्यक्रम बन्नेमा मद्दत पुग्ने विचार व्यक्त गरेका थिए ।

ओली सरकारले गरेको तीन स्मार्ट सहर र रिङ रोडको परिकल्पनाका सन्दर्भ उप्काउँदै महासचिव किरणले 'संघीयता बनाएर अधिकार प्रदेश र स्थानीय सरकारहरूलाई दिने कि काठमाडौंमा केन्द्रीकृत गरेर थेगिनसक्नुको जनघनत्व बढाउने ? भन्दै आफैमा त काठमाडौंको जनसंख्या चाप थेगी नसक्नु छ, चक्रपथ बनाएपछि एक त खुला र खेतीयोग्य जमिन मासिन्छ दोस्रो थेगिनसक्नुको वस्ती बसेर बिकराल स्थिति सिर्जना हुन जानाले सिंगो उपत्यका अस्वस्थ र भयावह हुनेछ ।' भने ।

गौहत्याको प्रसंग र जेलनेलको सजायका कुरा कोट्याउँदै उहाँले पौराणिक प्रसँग जोडे, 'वेदमा गोमेध यज्ञ, अश्वमेध यज्ञ तथा नरमेध यज्ञ चलाएर गाई र घोडाहरू पनि ऋषिमुनिहरूसहित सबैले खाने चलन थियो । हाम्रो पार्टीको अहिले पनि स्पष्ट नीति छ कि गाई पुज्नेले पुज्न पाउनु पर्छ र खानेले खान पाउनु पर्छ । देशमा धर्मनिरपेक्षता छ, तर सरकार हिन्दुवादी भएको छ ।'

'मुक्तिका कुरा गर्दा आदिवासी, जनजाति, महिला, मुस्लिम, भाषाभाषी आदिको मुक्तिको प्रश्न एकसाथ जोडेर लैजानुपर्ने भन्दै' महासचिव किरणले 'आन्तरिक रूपमा ब्राह्मणवाद र सामन्तवादको विरोध गर्दा बाह्य रूपमा साम्राज्यवादको विरोध नगरेर कसरी हुन्छ ? सामन्तवादका विरुद्ध लड्ने हिंजोका कुरा हुन्, तर आज त साम्राज्यवादसँग नलडेर कसरी मुक्ति संभव छ ?'

नेपालमा पहिचान जरुरी छ भन्दै महासचिव किरणले 'पहिचानको प्रश्न निकै उठाउने र आदिवासीका ठूलाठूला कुरा गर्ने, तर सत्तामा बसेका नेताहरूको गुलामी गर्दै सत्तामा भागबण्डा खोज्ने र गएर टाँसिने यो के प्रवृत्ति हो ? हाम्रो भनाइ के हो भने संघर्ष गर्दै जाँदा कति पाइन्छ लिऔं, तर आफ्ना एजेण्डा पनि नछोडौं ।'

अर्का अतिथि सीताराम तामाङले 'आदिवासी भनेको विश्व आन्दोलन हो भने जनजाति भनेको आन्दोलनको एउटा चरण हो भन्दै नेपालमा जल र जमिनसँग जोडिएकालाई आदिवासी भनिएको र यो २००८ सालदेखि २०१३ सालसम्म पहिलो पटक संगठित हुन आएको इतिहास कोट्याउँदै पछि २०१७ मा भएको राजा महेन्द्रको सैन्य 'कुपछि २०२५र २०२६ सालतिर मैथिली र नेवारी भाषालाई मान्यता दिइएको' बताए । त्यसमा मैथिली र नेवारी सभ्य संस्कृतिहरूका रूपमा विकास पनि हुन गए ।

भाषाभाषीको सन्दर्भ कोट्याउँदै तामाङले थपे- 'भाषिक आन्दोलनले एक प्रेसर ग्रुपको रूपमा त काम गर्छ, तर त्यो राजनीतिक भने होइन र हुन पनि सक्दैन । राजनीतिक आन्दोलनका रूपमा माओवादीले विषय उठाएपछि भाषिक र जनजातिका कुरा 'भाइरल' नै भयो । संविधानको ड्राफ्टसम्ममा त आयो, तर संविधानमा प्रस्ट रूपमा आउन सकेन । अहिले क्रान्तिकारी माओवादीले मात्र यो कुरा उठाइरहेको छ ।'

'अहिलेको ओली सरकार ब्राह्मणवादी र सामन्तवादी दुवै हो' भन्दै उनले थपे 'आदिवासी भनेको विकाससले खाने जात हो । विकासे जातिले यसलाई खाइदिन्छ । यसको पक्षमा राज्यसत्ता भए रहन्छ, नभए सकिन्छ । अमेरिकामा वास्तविक आदिवासी सिध्याएर बाहिरबाट गएकाले शासन गरिरहेका छन् ।'

अर्का अतिथि विश्वभक्त दुलाल 'आहुती'ले 'अहिलेको सरकार भिन्न मतमाथि धेरै असहिष्णु रहेको भन्दै विरोध प्रदर्शन गर्न कि त बञ्जरबाही कि त रंगशालामा जान र जुलुस निकाल्न भनेको छ । यो फासीवादीकरणको अभिव्यक्ति हो । यसको सबैले अवज्ञा गर्नुपर्छ ।' गौहत्याको सन्दर्भ जोड्दै आहुतीले 'गाई खान बर्जित गर्नु हिन्दुकरण गर्ने र धर्म निरपेक्षता उल्ट्याउने कसरत भएकाले यो मासु खाने कुरासँग मात्र सम्बन्धित नरहेको' बताए । टर्कीमा टर्कीको मासु, भारतमा मयुरको मासु, अस्ट्रेलियामा कङ्गारुको मासु खान्छन् भन्दै एकदिन नेपालभर गाईगोरु काटेर खाने दिन बनाए के होला ?' भनी प्रश्न पनि गरेका थिए । जातीय आँकडा हेर्ने हो भने नेपालमा जनजाति, दलित, मुस्लिम आदि ४६ प्रतिशत भन्दामाथि छन् ।

उनले भने नेपालमा जनजाति त छन् तर आदिवासी भने छैनन् । नेपालमा आदिवासीको अवधारणा विचारणीय छ । यो त उत्पीडित जातिको समस्या हो । १८०० वर्षअघि खसान राज्य थियो, यसलाई के मान्ने ?

अतिथि डा. महेशमान श्रेष्ठले जातीय आन्दोलन भनेको वर्गीय आन्दोलन हो भन्दै यी बीचमा अन्तरसम्बन्ध हुनु पर्ने कुरामा जोड दिए । उनले ओली र ओली सरकार नश्लवादी, जातिवादी, एकल जातीय र खसआर्यहरूको भएको बताउँदै जनजाति र आदिवासीहरूलाई उनीहरूको गुलाम भएर बस्न कानुन बनाइहेको बताए ।

परापूर्व कालदेखि गाईको मांस भोजन गर्ने चलन नेपालमा रहेको भन्दै श्रेष्ठले कृषिसँग गाईको सम्बन्ध भएकाले गाईलाई हिंसा नगर्ने प्रचलन बसेको बताए । तर नेपालमा परापूर्व कालदेखि नै आदिवासी जनजातिहरूले गोमांस भोजन गरिरहेकाले गौहत्याका नाममा उनीहरूलाई जेल हाल्नु जनजातिको मानव अधिकार हनन् गरिएको हो भने ।

उनले थपे- 'प्रमओलीको ठाडो निर्देशनमा सहरी विकास मन्त्रीले स्मार्ट सहर र रिङरोड निर्माण गर्ने कार्यक्रम अघि बढाएमा उपत्यकामा मानव बस्ती बाक्लो हुने र बसाइसराइले निकै प्रभावित पार्ने बताए । यही कारणले नेवारहरूले आफ्नो भूमिबाट, सत्ताबाट र संस्कृति तथा पहिचानबाट हात धुँदै जानु परिरहेको बताए । यसका लागि आन्तरिक उपनिवेशवादका विरुद्ध लड्नु पर्ने कुरामा उनले जोड दिए ।

त्यसै गरी अर्का वक्ता तथा अतिथि नरेन्द्रमान ताण्डुकारले ओली सरकार लोकतान्त्रिक सरकार नै नभएको र यसले सामान्य आलोचना पनि सहन नसक्ने भएकाले थोरै वाक स्वतन्त्रता पनि उसका लागि असैह्य भएको बताए ।

उनले भने- 'हामी भुक्तभोगी हौं र छौं । काठमाडौंमा दरबारहरू बनाए, हामीले जग्गा छाडिदियौं, त्रिभुवन विश्व विद्यालय बनाए, हामीले जग्गाजमिन छाडिदियौं । अहिले फेरि रिंगरोड निर्माणको अवधारणा आएकाले हामी नेवार एकाध आना र रोपनीमा सीमित हुन पुगेका छौं ।'

उनले वर्तमान बदलिएको परिस्थितिमा आदिवासी जनजातिले आन्दोलनका स्वरूपहरू फेर्नुपर्ने र तरिकाहरू बदल्नु पर्ने कुरामा जोड दिए ।

कार्यक्रमका अर्का अतिथि वक्ता विष्णु थिङले 'अहिलेसम्म नेपाली जनताले लडेका लडाई राजनीतिक नै हुन्, तर जनताका पक्षमा राजनीतिक आन्दोलनको टुंगो लाग्न सकेन भन्दै हालको सरकारले विकासका कुरा गरिरहेको छ, तर विकासका मोडल प्रस्ट नभएको बताए । विकास मुखले भने भैं फटाफट नहुने बरु विकास कस्तो खालको गर्ने भनेर मोडल स्थापित गर्नुपर्ने बताए ।

उनले विकास समाजिक न्यायमा आधारित विकास हुनुका साथै प्राकृतिक न्यायलाई पनि सम्बोधन गर्नसक्ने हुनु पर्ने कुरामा जोड दिएका थिए ।

नेवा मुक्ति मोर्चका अध्यक्ष पवनमान श्रेष्ठको अध्यक्षतामा सम्पन्न क्त कार्यक्रममा अन्य अतिथिहरूमा नेकपा क्रान्तिकारी माओवादीको स्थायी समिति सदस्य क. राजवीर र पीवीएमु क. दिनेश शर्मा रहेका थिए । फुर्नाम्गेल मोक्तानद्वारा सञ्चालित उक्त कार्यक्रममा स्वागत भाषण भरत बुर्जाले गरेका थिए ।

## नेकपा...

सांस्कृतिक क्रान्तिजस्ता विषयहरूमा मूलतः समान दृष्टिकोणहरू छन् । यसैको आधारमा कतिपय कार्यनीतिक विषयहरूमा समान दृष्टिकोण नहुँदानहुँदै पनि नेकपा (क्रान्तिकारी माओवादी)ले नेकपा (मसाल)सँग पार्टीको एकताको आधार तयार पार्न छलफल र बहस गर्ने प्रस्तावलाई अगाडि बढाएको हो । पार्टी एकताको लागि आधार तयार पार्न छलफल बहस अगाडि बढेको भए समान दृष्टिकोण नभएका कार्यनीतिक विषयहरू दुई पार्टीको बीचमा आन्तरिक छलफलको विषय हुने थियो । तर त्यो सम्भव नभए पछि समान दृष्टिकोण नभएका कार्यनीतिक विषयहरू सार्वजनिक बहसको विषय बन्न पुगेको छ । यहाँ केही विषयहरूमा छलफल चलाउने प्रयास गरिएको छ ।

राजनैतिक शक्तिहरूको विश्लेषण एउटा महत्वपूर्ण विषय हो । नेकपा (मसाल) र नेकपा (क्रान्तिकारी माओवादी)को बिचमा नेपाली कांग्रेसलाई हेर्ने विषय मूलतः समान छ । तर हालको नेपाल कम्युनिष्ट पार्टी (नेकपा) लाई हेर्ने दृष्टिकोण समान छैनन् । नेपाल कम्युनिष्ट पार्टी (क्रान्तिकारी माओवादी)ले भनेको छ, 'माकेको एमालेमा विलय भई कथित नेकपाको रूपमा निर्मित घोर दक्षिणपन्थी अवसरवादी गठबन्धन वर्तमान दलाल तथा नोकरशाही पुँजीपति एवं समान्त वर्गीय पश्चगामी राज्य सत्ताको रक्षाकवच मात्र होइन स्वयम नवप्रतिक्रियावादी शक्तिको रूपमा सरकारमा आसिन बन्न पुगेको छ ।' ०७५ असार १२ देखि १६ गते सम्म सम्पन्न केन्द्रीय समितिको बैठकमा महासचिव क. 'किरण' द्वारा प्रस्तुत र पारित तत्कालिन राजनीतिक प्रस्तावबाट । नेकपा (नेकपा) को बारेमा नेकपा (मसाल)को दृष्टिकोण यस्तो छ, 'नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) को पार्टी एकतालाई नेकपा (मसाल)ले सकारात्मक रूप लिन्छ र त्यसलाई स्वागत गर्दछ । ......अहिले त्यो एकता सम्पन्न भएकोमा हामीलाई धेरै नै खुशी लागेको छ।..... उक्त पार्टी एकतालाई हामीले राजनीतिक कारणले नै समर्थन गरेका छौं । सैद्धान्तिक कारणले होइन । मार्क्सवादका आधार भूत सिद्धान्तहरूबाट उनीहरूको विचलन भएको वा उनीहरूले दक्षिणपन्थी बाटो समातेको पृष्ठभूमिमा उनीहरूको बीचमा भएको पार्टी एकताबाट देशमा सच्चा र एकीकृत कम्युनिष्ट पार्टीको निर्माण हुन नसक्ने कुरा निश्चित छ ।' नेकपा (मसाल)का महामन्त्री मोहनबिक्रम सिंहद्वारा मिति २०७५ जेठ ४ गते प्रेसित वक्तव्यबाट ।

ओली-प्रचण्डले नेतृत्व गरेको नेकपालाई हेर्ने दृष्टिकोणमा अन्तर यही नै हो । नेकपा (मसाल)को २०६३ मा सम्पन्न सातौं महाधिवेशमा पारित प्रस्तावमा नेकपा (एमाले) र तत्कालिन नेकपा (माओवादी)को विषयमा भनिएको छ, 'एमाले दक्षिणपन्थी अवसरवादी दल हो र माओवादीहरूको पनि त्यही दिशामा संक्रमण भइरहेको छ ।' त्यतिबेला उनीहरूले एमालेलाई दक्षिणपन्थी अवसरवादी दल भन्थे तर अहिले उनीहरूले दक्षिणपन्थी बाटो समातेको भन्न थालेका छन् । त्यति मात्र होइन नेकपा (मसाल)ले अब एमालेलाई वामपन्थी भन्न थालेको छ । जस्तो २०७४ मंसीर २३ गते प्रकाशित माहेनबिक्रम सिंहको वक्तव्यमा भनिएको छ, "एमाले र माओवादीसित सैद्धान्तिक र राजनैतिक रूपमा हाम्रा गम्भीर प्रकारका मतभेदहरू छन् । तैपनि मतभेदहरूबारे आवश्यकताअनुसार संघर्ष चलाउने अधिकारलाई सुरक्षित राख्दै नेपाली कांग्रेस पक्षीय गठबन्धनहरूको विरुद्ध वामपक्षीय गठबन्धन सित तालमेल गर्ने हाम्रो पार्टीले नीति अपनाएको थियो ।' यहाँ वामपक्षीय गठबन्धन भनेको नेकपा एमाले र नेकपा (माओवादी केन्द्रलाई नै हो । त्यसकारण वक्तव्यमा उल्लेखित उक्त भनाईबाट के प्रष्ट हुन्छ भने नेकपा (मसाल)को दृष्टिमा एमाले र माओवादी वामशक्ति हुन् । २०६३ मा दक्षिणपन्थी अवसरवादी भएको एमाले र त्यही दिशामा संक्रमण भइरहेको नेकपा (माओवादी) अहिले कसरी वामपक्ष भए भन्ने विषयमा भने कतै विश्लेषण भएको पाइन्न । अहिले नेकपा (मसाल) ले ओली-प्रचण्डले नेतृत्व गरेको नेकपालाई दक्षिणपन्थी दिशा समातेको (दक्षिणपन्थी भई नसकेको) वाम पक्ष भन्दछ भने नेकपा (क्रान्तिकारी माओवादी)ले त्यसलाई घोर दक्षिणपन्थी अवसरवादी भन्दछ । यो दुईवटा दृष्टिकोणले राजनैतिक कार्यदिशालाई दुई अलग दिशातिर निर्देशित गर्दछ । नेकपा (क्रान्तिकारी माओवादी) को दृष्टिकोणले ओली-प्रचण्डले नेतृत्व गरेको दल जो सत्तासीन दल हो त्यो सँग भण्डाफोर र संघर्षको विषय प्रधान भएर जान्छ । आज नेकपा (क्रान्तिकारी माओवादी)ले त्यहि कार्य गर्दै आइरहेको छ । नेकपा (मसाल)को दृष्टिकोणले अहिले सत्तासिन दल नेकपासँग सहकार्य र एकताको पक्ष प्रधान भएर जान्छ । नेकपा (मसाल)ले ओली र प्रचण्डले नेतृत्व गरेको नेकपालाई वाम शक्ति देख्नुको परिणाम त्यो सत्तासीन नेकपाले समाजवाद उन्मुख र प्रगतिशील नीति लागु गर्दछ भन्ने निष्कर्षमा पुग्दछ । कमरेड मोहनविक्रम सिंहले २०७४ साल पुस २२ मा प्रकाशित वक्तव्यमा भनिएको छ- 'वाम पक्षधर शक्तिहरूको विजयबाट समाजवाद उन्मुख र प्रगतिशील नीतिहरूलाई व्यावहारिक रूप दिन प्रयत्न गर्नका लागि पनि सम्भावना देखा परेको छ ।' ओली-प्रचण्डले नेतृत्व गरेको नेकपाको सरकार बनेपछि समाजवाद उन्मुख र प्रगतिशील कार्य कुनै पनि हुन सकेका छैनन् । जनता महँगीको मारमा परेका छन् । जनतामाथि कैयौं गुणा कर बढाइएको छ । जनताले आफ्नो विरोध प्रदर्शन गर्न शान्तिपूर्ण रूपमा जुलुस प्रदर्शन गर्न पनि निषेधित क्षेत्र घोषणा गरेर उनीहरूको मौलिक हकमाथि नै बन्देज लगाउन थालिएको छ । ओली सरकारले ल्याएको नीति कार्यक्रम र बजेटले कहीं पनि समाजवाद उन्मुख र प्रगतिशील नीतिको प्रतिनिधित्व गर्दैनन् । स्वयं क.मोहन विक्रम सिंहले २०७५ जेठ १६ गते प्रकाशित गरेको वक्तव्यमा भन्नुभएको छ- 'त्यो बजेट वक्तव्यमा समाजवाद उन्मुख आर्थिक प्रणालीलाई अगाडि बढाउने प्रश्नलाई पूरै उपेक्षा गरिएको छ । त्यसरी त्यो बजेट संविधान र स्वयं एमाले-माओवादी केन्द्रको ६ बुँदे घोषणाले समाजवाद उन्मुख नीतिको स्पिरिटलाई समात्न सकेको छैन ।' यस्तो हुनुको पछाडिको कारण ओली-प्रचण्डले नेतृत्व गरेको पार्टी घोर दक्षिणपन्थी अवसरवादी पार्टी हुन् र वर्तमान दलाल तथा नोकरशाही पुँजीपति एवं सामन्तवर्गको रक्षाकवच हुनु नै हो । जब सत्ता दक्षिणपन्थीको हातमा जान्छ, त्यतिबेला समाजवाद उन्मुख कार्यक्रम त हुँदैन नै बरु भएको समाजवादी सत्तालाई पनि भत्काइदिँदै लगिन्छ र पुँजीवादको पुनर्स्थापना गराइन्छ । रुस र चीनमा पार्टीको नेतृत्व जब दक्षिणपन्थी संशोधनवादीको हातमा गयो, तब त्यहाँ लेनिन र स्टालिन र माओको नेतृत्वमा स्थापना गरिएका समाजवादी संरचना र सत्तालाई ध्वस्त पारियो र पुँजीवादको पुनर्स्थापना गरियो । संसारभरको इतिहासको अनुभवले दक्षिणपन्थी अवसरवादीहरूको नेतृत्वमा समाजवाद उन्मुख कार्यक्रमहरू लागू हुन सक्दैनन् भन्ने कुराको नै पुष्टि गरिसकेको छ । त्यसैले नेकपा (मसाल)ले घोर दक्षिणपन्थी अवसरवादी शक्तिलाई वामपक्ष देख्नु नै गल्ती भएको छ ।

नेकपा (मसाल)ले ओली-प्रचण्डले नेतृत्व गरेको नेकपालाई वाम शक्ति देख्नुले उनीहरूको बीचमा कार्यगत एकता र सहकार्यको कुरा मात्र होइन पार्टी एकताको दिशामा लैजाने सम्भावना छ । मोहनविक्रम सिंहले २०७४ पुस २२ गते प्रकाशित गर्नुभएको वक्तव्यमा भनिएको छ- ' एमाले र माओवादी केन्द्रले पार्टी एकता गर्ने घोषणा गरेका छन् । तर हामी त्यसप्रकारको एकतामा सामेल हुने निर्णय गरेका छैनौं । तैपनि पार्टी एकतासित सम्बन्धित सैद्धान्तिक, राजनीतिक वा संगठनात्मक प्रश्नहरूमा एमाले, माओवादी केन्द्र वा देशमा अन्य कुनै वाम पक्षधर शक्तिहरूसित सार्वजनिक रूपमा पनि बहस गर्नका लागि हाम्रो ढोका खुल्ला रहनेछ । त्यस प्रकारको बहसको दौरानमा कुनै पनि पक्षसित पार्टी एकता हुनेछ वा हुनेछैन ? त्यो कुरा प्रष्ट हुँदै जानेछ ।' वक्तव्यको यो भनाइले नेकपा (मसाल) को अब एमाले-माओवादी अहिलेको यो अवस्थामा नेकपा (नेकपा)सँग पनि पार्टी एकताको ढोका खुल्ला गरेको कुरा नै प्रष्ट हुन्छ । अर्थात पार्टी एकतालाई केन्द्रमा राखेर सैद्धान्तिक, राजनीतिक, संगठनात्मक प्रश्नहरूमा बहस गर्न सक्ने छन् । हामीलाई के विश्वास छ भने नेकपा (मसाल)ले आफ्नो सातौं महाधिवेशनमा एमाले र माओवादी केन्द्रलाई जुन सही विश्लेषण गरेको थियो, त्यो विश्लेषणलाई पुनः अँगाल्ने छ र मार्क्सवादका आधारभूत सिद्धान्तहरूलाई छोडिसकेका शक्तिहरूसित होइन कि सच्चा क्रान्तिकारी कम्युनिष्टहरूको बीचको एकतामा सामेल हुनेछन् । नेकपा (मसाल)सँग कार्यनीतिक सवालहरूमा अरु पनि थुप्रै मतभेदहरू छन् । ती विषयहरूमा पनि अवस्थाअनुसार मैत्रीपूर्ण रूपमा छलफललाई अगाडि बढाइनेछ ।

# अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासंघ २ नम्बर प्रदेश कमिटी गठन

काठमाडौं । अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासंघको २ नम्बर प्रदेश कमिटी शुक्रवार गठन गरिएको समाचार प्राप्त भएको छ । प्राप्त समाचारअनुसार उक्त प्रदेश कमिटी ११ सदस्यीय रहेको छ । नन्दुकुमार झाको संयोजकत्वमा गठित समितिका सदस्यहरुमा तुलबहादुर विश्वकर्मा, देवनारायण यादव, बुद्धे विक, विजय सिंह, अशोक यादव, नन्दु विक, यज्ञप्रसाद गौतम रहेका छन् । समितिमा तीनजना सदस्य पछि थप गरिने भएको जनाइएको छ ।

उक्त समिति गठन गर्दा देजमोका सचिवालय सदस्य कमल चौधरी, ट्रेड युनियन महासंघको कार्यालय सदस्य मोहनसिंह तामाङ तथा नेकपा (क्रान्तिकारी माओवादी) का प्रदेश सेक्रेटरी रमेश अतिथिका रुपमा उपस्थित रहेको जनाइएको छ ।

# क्रान्तिकारी युवा लिग कोहलपुर वडा कमिटी गठन

बाँके । २०७५ श्रावण २५ गते क्रान्तिकारी युवा लिग, नेपालको कोहलपुर नगरपालिका वडा नम्बर ४ मा मन्जुर खाँको संयोजकत्वमा ९ सदस्यीय वडा कमिटी बनेको छ । बाँके जिल्लामा जिल्लाव्यापी रूपमा युवा कमिटी निर्माण गर्दै संगठनलाई विस्तार गरिने संयोजक खाँले जानकारी दिएका छन् ।

## प्रदेशहरूमा

अवधारणा पत्र प्रस्तुत गरेका थिए ।

कार्यक्रमलाई सम्बोधन गर्दै महासचिव राईले आदिवासि जनजाति आन्दोलन सिथिल भएको, निरासा, निश्कृयता वढेको वताउनु भयो । साझा मुद्दाको पहिचान हुन नसक्नु, संयुक्त दीर्घकालीन खालको मोर्चा बन्न नसक्नु, दृष्टिकोणमा समस्या रहनु, वर्गीय र जातीय मुद्दालाई जोडन नसक्नु, जनजाति नेतृत्वमा अहमता, दम्व, हुनु, जनजाति आन्दोलन सामाजिक वा राजनैतिक भन्नेमा भ्रम पर्नु, जनजाति नेताहरू मुद्दालाई छाडेर पहिचान विरोधी तथा प्रतिक्रियावादीहरूको पिछलग्गु वन्नुले आन्दोलन धारासाही वनेको वताउनु भयो ।

कार्यक्रममा प्रा.डा टंक न्यौपाने, संघिय समाजवादी फोरमका प्रदेश सचिव केदार धिमाल, संघिय समाजवादी राष्ट्रिय मञ्चका केन्द्रीय महासचिव भुपेन्द्र सुन्दर लावती विगेसोका सभापति पदम लिम्वु, क्रान्तिकारी माओवादीका केन्द्रीय सदस्य केदार गुरागाई लगायतका नेताहरूले आ-आफ्ना धारणा राखेका थिए । कार्यक्रम क्रान्तिकारी माओवादीका केन्द्रीय सदस्य गणेश कटवाल, डिल्ली वोहोराको समेत अपस्थिति रहेको थियो । कार्यक्रम संघका प्रदेश अध्यक्ष केवि फुदोङ्गको अध्यक्षतामा तथा मनोज श्रेष्ठको संचालनमा सम्पन्न भएको थियो ।

यसैबीच, अखिल नेपाल आदिवासी जनजाति महासंघ प्रदेश नं. २ ले २४ औं विश्व आदिवासी दिवसको अवसरमा 'नेपालको संविधान र आदिवासी जनजातिको अधिकारको प्रश्न' विषयक अन्तरक्रिया सम्पन्न गरेको छ । श्रावण २४ गते सप्तरीको कदमाहा चौकमा भव्य रूपमा अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको थियो ।

कार्यक्रममा अखिल नेपाल आदिवासी जनजाति महासंघका केन्द्रीय अध्यक्ष कमल चौधरीले विश्वमै आदिवासी जनजातिहरू उत्पीडनमा रहेका भन्दै नेपालमा पनि आदिवासी जनजाति सोही अवस्थामा रहेको बताएका थिए । आदिवासी जनजातिको अधिकार हालको संविधानमा सुनिश्चित नगरिएको भन्दै चौधरीले यो संविधानको खारेजी र जनगणान्त्रिक संविधानको प्राप्तिका लागि सबै उत्पीडित वर्ग र समुदायहरू संघर्षमा उत्रनुपर्ने कुरामा जोड दिएका थिए ।

त्यसैगरी ने.क.पा. (क्रान्तिकारी माओवादी) का २ नं. प्रदेशका सेक्रेटरी रमेशले जातीय आन्दोलनलाई वर्गीय आन्दोलनसँग जोडेमा मात्र सही क्रान्तिकारी दिशातर्फ बढ्न सकिने कुरामाथि प्रकाश पारेका थिए । उक्त कार्यक्रममा हरिभक्त लामा, ट्रेड युनियनका नन्दु झा र तेजनारायण चौधरी, मानबहादुर लामा लगायतले मन्तव्य व्यक्त गरेका थिए । अखिल नेपाल आदिवासी जनजाति महासंघका २ नं. प्रदेश संयोजक सूर्यनारायण चौधरीको अध्यक्षतामा भएको उक्त कार्यक्रममा तुलबहादुर बलम्पाकीले स्वागत मन्तव्य दिएका थिए भने कार्यक्रमको सञ्चालन क्रान्तिकारी ट्रेड युनियन महासंघका केन्द्रीय सदस्य मोहनसिंह तामाङ्ले गरेका थिए ।

दुर्वाच्य

रामचन्द्र हुमागाई

# ट्राफिक नियममा विवेकको शासन

'नेपालका ९०% चालकलाई ट्राफिक नियम नै थाहा छैन ।' भनिरहनु पर्दा आफैंलाई लाज लागेर आउँछ तर सत्य यही हो । जुनसुकै राजनीतिक व्यवस्था आए पनि कतिपय नीति नियमहरू उस्तै हुन्छन् जसले अन्तर्राष्ट्रिय मापदण्डसँग मेल खानुपर्छ, त्यसमाथि ट्राफिक नियम भनेको त मानिसको जीवनसँग अत्यन्तै नजिक रहेको हुन्छ । यो नियमको उल्लघन गर्नु भनेको मानिसको जीवनसँग खेलवाड गर्नु हो । अरू विषय जस्तै, यस्तै लापरवाहीमा चलेको छ नेपालको ट्राफिक नियम ।

नेपाल सहरीकरणमा प्रवेश गरेको ४० वर्ष पनि पुगेको छैन । तै पनि यहाँका मानिसहरू आफुलाई सहरीया र गाउँले भनेर किटान गर्न पछि पर्दैनन् । वास्तवमा भन्ने हो भने नेपाल गाउँ नै गाउँको देश हो जहाँ सहरी सभ्यताले विस्तारै प्रवेश गर्दै छ, यसैले पनि होला ट्राफिक नियममा पनि मानिसले चासो नलिएका तर अबका मानिसले अनिवार्य रूपमा सहरी सभ्यता जान्नै पर्ने वेला आएको छ, होइन भने मानव विकास क्रममा लम्किएका मानिसले छलाङ्ग लगाउँन सक्ने छैनन् । आखिर के हो त सहरी सभ्यता ? यसमा मानिस आफैंले सोच्नुपर्ने वेला आएको छ । कतिपयलाई लाग्ला बुढा–पुराना सभ्यतालाई परित्याग गरेर नयाँ–नयाँ कुराहरूलाई प्रवेश गराउँनु नै सहरी सभ्यता हो तर त्यसो होइन, पुराना सभ्यतालाई संस्थागत गर्दै, सुधार गर्दै र परिमार्जन गर्दै लैजानु नै सभ्यताको परिमार्जन हो । यस्तै परिमार्जन गर्नु पर्ने विषयको प्राथमिकतामा प्रथमतः ट्राफिक नियम देखा परेको छ । नेपालको सबैभन्दा पुरानो सहर भनेको काठमाडौं नै हो । तर, लहरै घर वनाउँदैमा त्यसलाई सहर भन्न मिल्दैन । सभ्यताको विकास भएन भने सहरको विकास पनि हुन सक्तैन । युरोपबाट विकास भएको सहरी सभ्यता विगत केही यसवर्ष अगाडी देखि अमेरिका, अष्ट्रेलिया हुदै एसियामा प्रवेश गरेको छ तर यो प्रकृयालाई एसियाली मुलुकका वासिन्दाले आफुहरू पछाडी परेको महसुस गर्नैपर्छ किनभने अमेरिका पत्ता लागेको पाँचसय वर्ष मात्रै भएको छ भने अष्ट्रेलिया त २४६ वर्ष अगाडी मात्रै पत्ता लागेको हो तर यी दुवै मुलुक पत्ता लगाउँने मानिसहरू युरोपियन मूलका भएकाले उनीहरूले सुरुआत देखि नै मानव सभ्यताको विकासमा ध्यान दिए । फलतः उनीहरू यतिवेला सभ्यताको शिखरमा पुगेका छन् । तर, हामी एसियाली मूलका मानिसहरू सधैं अभावमा हुर्कियौं, सभ्यता कुन जीवको नाम हो हामीले जान्ने र बुझ्ने प्रयास नै गरेनौं । यो एसिया त पृथ्वीको पौराणिक एतिहास बोकेको देश हो जुन पृथ्वीको उत्पत्तिकाल देखि नै अस्थित्वमा रहेको छ ।

विषय उठेको थियो, ट्राफिक नियमबाट तर कुरा पुगेछ पृथ्वीको उत्पत्ति तिर । जे होस् विषय राम्रै उठेको छ । जसले नयाँ नयाँकाम र कुरा गर्छन्, उसले नयाँ नयाँ विषयको आविष्कार र विकास पनि गर्दै जान्छन् । त्यसैले अमेरिका र अष्ट्रेलिया जस्ता देशले छलाङ्ग लगाउँनु अस्वभाविक होइन तर हामीले नक्कल मात्रै गरेर भए पनि सभ्यताको विकास गर्नु पर्थ्यो नि ! किन गर्न सकिरहेका छैनौं ? हाम्रो चासोको विषय यत्तिमात्रै हो । त्यो पनि विस्तार–विस्तार दक्षिण एसियामा मात्रै सीमित हुन लागिरहेको छ । पूर्वी एसियाले पनि छलाङ्ग मारिसकोको छ । ट्राफिक नियमलाई पनि मानव सभ्यतामा राख्न थालिसकिएको छ, त्यसैले पनि हामीले अनिवार्य रूपमा पालना गर्न सकेनौं भने अरू कुरामा जस्तै पछि पर्ने छौं ।

यो वा त्यो मात्रै दोषी छौनौं । हामी सम्पूर्ण दोषी छौं ट्राफिक नियमावली पालना गर्न र गराउँन । दुई पाँग्रेको चालक होस् वा २४ पाँग्रे (नेपालमा अहिलेसम्म भित्रिएका साधन भनेका २४ पाँग्रेसम्म देखिएका छन्) का चालकले होस्, ट्राफिक नियम उल्लघन गरेकै पाइन्छ । यसो गर्नु भनेको मानिसको जीवनमाथि मानिसले नै खेलवाड गर्नु हो । मानिसको जीवनसँग खेलवाड गर्नु भनेको मुलुकको नियम कानुन नमान्नु हो र आफ्नै जीवन पनि खतरामा पुऱ्याउँनु हो । यी कुराको ग्यारेण्टी कसरी गरिस् भनेर कसैले प्रश्न उठाउला, त्यो भन्दा पहिले आफ्नो परीक्षा आफैं गरौं । यातायातका साधन गुडाउँन मात्रै जानेर हुदैन, त्यो काम त दुइदिनमै गर्न सकिन्छ । जान्नैपर्ने कुरा त के हो भने म आफु गड्ने साइड कुन हो ? कस्तो सडकमा कति रफ्तारमा गाडी कुदाउँन हुन्छ, सडकमा राखिएका साँकेतिक चिन्हहरूको अर्थ के हो ? कुन चिन्हले के सँकेत गरेको छ ? यी सबै कुरा बुझ्नु जरूरी हुन्छ । तर, नेपालमा त सडकमा लगाइएका सेता धर्सा, ठाउँठाउँमा छुट्याइएका र नछुट्याइएकाको अर्थ के हो कुनै पनि यातायातका साधन चालकलाई थाहै छैन । यो पँतीकारलाई गएको सोमबार बनेपाबाट काठकाडौं आउँने क्रममा साँगाभञ्ज्याङमा जनकपुर जादै गरेको टाटा सोमोले उल्टै हप्कायो, जव ऊ आफैं गलत ठाउँबाट ओभरटेक गरेर आउँदै थियो । उसको गाडी रोकेर ट्राफिक सँकेतका बारेमा जान्न खोज्दा उल्टै यसको जवाफ थियो, 'यो त बाटो सिँगार्न मात्रै राखिएको सेतो धर्सो हो' । उसको कुरा सुनेर आफैंलाई लाज लाग्यो र यसको अर्थ बताउँदै जाँदा उसले चालक अनुमतिपत्र लिंदा पूरै कक्षाका पढेर लिएको रहेछ, उसका गुरू प्रहरी हवल्दारलाई पनि ट्राफिक नियम थाहा नभएको पत्ता लाग्यो, किनभने त्यो सोमो चालकलाई कुनै कुरा पनि सिकाइएको पाइएन ।

यो एउटा प्रतिनिधि उधाहरण मात्रै हो । सहरमा दौडने कुनै यातायातमा चलकलाई पनि ट्राफिक नियम थाहा छैन, थहा पाउँनेले पनि अरूको सिको गर्दै नियम मिचेको पाइन्छ । देब्रे तर्फबाट अगाडीको यातायातलाई उछिन्नु त मामुली जस्तै भैसकेको छ । काठमाडौं उपत्याका भन्दा बाहिरबाट आएका यातायातका साधनले त झन् पटक्कै ट्राफिक नियम जानेकै हुदैनन् । केवल याक्सीलेटर दवाएर कुदाउँन पाए आफु सिपालु भएको घमण्ड उनीहरूमा पलाएको पाइन्छ । यातायातका चालक मात्रै होइन सडकमा बस्ने प्रहरीहरूले पनि नियम नजानेको पाइन्छ । चारदोवाटोमा बसेका प्रहरीहरू व्यस्त समयमा पनि कि सितल तापेर बसेका देखिन्छन् कि मोवाइलमा कुरा गर्न व्यस्त रहेको देख्न सकिन्छ । जव बाटो देखाउने सुरक्षकर्मी नै यो अवस्थामा भेटिएपछि हेपाहा प्रबृत्तीका मानिसहरूले हेप्ने नै भए । नियम कानुन भनेका यस्ता विषय हुन जुन कागजमा लेखेर मात्रै हुदैन । त्यसको कार्यान्वयन पक्ष दरिलो भयो भने पालना गर्नेपक्ष नियमकानुनसँग सतर्क रहन्छ । सतर्क रहनु भनेको नै कानुनको पालना गर्नु हो । कानुन प्रयोग गर्दा विवेक अगाडी आयो भने पीडित पक्षलाई मर्कापर्न जान्छ । त्यसैले कानुन बनाउँने मात्र होइन कार्यान्वयन गर्नु पनि पर्छ । तवमात्र विधिको शासनले मान्यता पाउँछ ।




आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।
मितेरी यातायात एण्ड अटो प्रा.लि.
प्रधान कार्यालय : कलंकी, काठमाडौं
फोन नं. : ०१-५२२५२८१, ५२२५०३४
बिक्की शर्मा गुरागाँई (९८५११९५८८९)
तेह्रथुम सम्पर्क : डिल्लराम रेग्मी (९८५२०६०२५४)
फोन नं. : ०२६-४६०२५४
कृपया, टिकट र रिजर्भका लागि हामीलाई सम्झनुहोस् ।

आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।
नारायणी यातायात व्यवसायी संघद्वारा संचालित
टाटा सुमो सेवा
काठमाडौंबाट- हेटौडा, वीरगंज, चपुर, सिजाइ, रानपुर
फोन नं. : ०१-५१८०२५६
बल्खु, काठमाडौं ।

रोयल बुईपा A/C जम्बो हाईस
गाईघाट-लहान-खुर्कोट हुँदै काठमाडौंसम्म
काठमाडौं सम्पर्क नम्बर
बसन्त खड्का - ९८४२८३७७९३
- ९८१७७१९६९७
ईन्द्र कट्टेल - ९८१६८१५२९०
गाईघाट सम्पर्क नम्बर
फोन नं. ०३५-४२११६३
पुरुषोत्तम खनाल - ९८५२८३५६९०
- ९८१५७८४८७४
दैनिक दिवा सेवा तथा आरामदायी र भरपर्दो यात्राको लागि हामीलाई सम्झनुहोस् ।

हिमाल-तराई यातायात सेवा समिति
यहाँ काठमाडौंबाट सिन्धुली, बर्दियावास, ढल्के, जनकपुर, जलेश्वर, लालबन्दी, बयलवास, रामेछाप, मन्थली, च्यास्कु, भालुथोक, घुर्मी, बेतिनी, कटारी, गाईघाट, जयराम, हलेसी, दिक्तेल, मानेभञ्जाङ, ओखलढुंगा, सोलु, सल्लेरी, भीमान, मरिन, डकाहासम्मको टिकट पाइन्छ ।
टाटासुमो बोलेरो
काठमाडौं फोन
१-५१००४९४
९८४११०६९६७
(सञ्जीव भण्डारी)
९८४४४०३१५९
(शम्भु थापा)
(रिजर्भ चाहिएमा)
सिन्धुली फोन
०४७-५२११६९
०४७-६९१३३२
९७४४०२२७३५
९८४४२५२३८५
९८१२०७५६९८
९८६०१०२७३७
९८४४०८४०
रिजर्भ चाहिएमा सम्पर्क
सानोभाई फलफूल एण्ड जुस भण्डार
सिन्धुली जुनार भवन ९८४४२५२३८५
९८४४०७६२६१, ९८३१२८४३०

# आलोपालो

## दलाल नोकरशाही सरकार, साम्राज्यवाद र जनजाति आन्दोलन


● विश्वभक्त दुलाल 'आहुती'

अहिलेको सरकार भिन्न मतमाथि धेरै असहिष्णु रहेको छ। सामान्य विरोध र प्रदर्शन पनि यसका लागि असैह्य छन् । विरोध प्रदर्शन गर्न कि त बज्रबाराही कि त दशरथ रंगशालामा जानुपर्छ भनेको छ। जायज मागहरू राखेर विरोध जुलुश निकाल्न पनि प्रतिबन्ध लगाएको छ। यो फासीवादीकरणको अभिव्यक्ति हो। यसको सबैले अवज्ञा गर्नुपर्छ।

गाईको मांसु खान बर्जित गर्नु हिन्दुकरण गर्ने प्रयत्न हो। धर्म निरपेक्षता उल्ट्याउने कसरत हो। यो मासु खाने कुरासँग मात्र संम्बन्धित रहेको छैन। टर्कीमा टर्कीको मासु, भारतमा मयुरको मासु, अस्ट्रेलियामा कङ्गारुको मासु खान्छन्। एकदिन नेपालभर गाईगोरु काटेर खाने दिन बनाए के होला ? जातीय आँकडा हेर्ने हो भने नेपालमा जनजाति, दलित, मुस्लिम आदि ४६ प्रतिशत भन्दामाथि छन्।

नेपालमा जनजाति त छन् तर आदिवासी भने छैनन् । नेपालमा आदिवासीको अवधारणा विचारणीय छ। यो त उत्पीडित जातिको समस्या हो। १८०० वर्षअघि खसान राज्य थियो, यसलाई के मान्ने ? आदिवासी, जनजाति वा शासक जाति ?

साम्राज्यवादले विभिन्न संस्थाको नममा लगानी गर्ने भनेको जनजाति आन्दोलन भाँड्ने हो । उनीहरूले ल्याएको अवधारणाका बारेमा हामीले गम्भीरतापूर्वक विचार गर्नु पर्दछ। के नेपालमा आदिवसी र जनजाति एउटै हुन् त ? होइनन्। नेपालमा पहिल्यै देखि परेका थोरै अनदिवासी जनजाति मात्र थिएनन् नेपालमा। यहाँ त धेरै प्राचिन वस्तीहरू पनि छन्। आजभोलि जसलाई आदिवासी र जनजाति भनिन्छ, ती त राज्य गरेर पछिल्लो चरणमा राजयच्युत भएका जातिहरू हुन्। लिम्बु, राई, किरात, मगर्, गुरुङ, तामाङ र थारुहरू पनि त्यही हुन्। यिनीहरूले एकले अर्काको राज्यमाथि आक्रमण गर्दथे र एकअर्कालाई मार्दथे र राज्य आफ्नो हातमा लिन्थे। द्वारा

हालका आदिवासी जनजाति एकपटक सामन्तवादी सत्ता चलाएर, राजतन्त्रको अभ्यास गरेर, सत्तासिन र सत्ताधारी भएर पछि दमनमा परेका जातिहरू हुन्। यस कारणले यो साम्राज्यवादीहरूले विकास गरेको आदिवासीको अबधारणा भित्र पर्दछन् त ? होइन होला, यी त सत्ता खोसिएका उत्पीडित जातिभित्र पो पर्दछन् होला। यो उत्पीडित 'न्यासनालिटी' वा राष्ट्रियता हो।

नेपालमा यो उत्पीडित राष्टियताको मुद्दा हो यो। पहिचानको मुद्दा त सानो अंशमात्र हो। पहिचान जनजाति आन्दोलनको त हो तर मुख्य मुद्दा उसले यो सत्ता निर्माणमा गरेको योगदानको हिस्सेदारी खोजने र सहभागी हुने मुद्दा पहिलो हो। आन्दोलन पनि यसैका लागि हो।

त्यसैले, जनजाति आन्दोलनका बारेमा विगतमा हामीहरूले जेजे गर्‍यौं त्यो पर्याप्त छ त ? छैन। त्यस बारेमा फेरि एक पटक छलफल गरौं।

अबको जनजातिको आन्दोलनको वा लडाइँको मुख्य शत्रु को हो ? योबारेमा छलफल गर्नै पर्छ। आजको साम्राज्यवादसँग नलड्ने हो भने आजको जनजातिको आनदोलनको कुनै अर्थ नै छैन। आजको लडाइँ नेपालमा हाल सत्तासिन दलाल पुँजीवादसँग लड्ने र त्यसलाई जन्माउने साम्राज्यवादसँग नलड्ने हो भने त्यो गलत हुन्छ।


नेपालमा त कस्तो सम्म भएको पनि छ भने जनजातिको एउटा पर्व वा आन्दोलन वा भेला वैठक आदिमा कुनै न कुनै रूपमा बहुराष्ट्रिय कम्पनीले लगानी गरेको देखिन्छ। जस्तो रुस्लान भोड्का कै कुरा गरौं। त्यो बहुराष्ट्रिय कम्पनीको उत्पादन हो। यसरी जब बहुराष्ट्रिय कम्पनीले जनजातिको कार्यक्रम स्पोन्सर गर्न थाल्छ, अनि हामी त्यसैको सहारामा बाँच्न र हिंड्न थाल्छौं भने अब जनजाति आन्दोलन अघि बढ्न सक्दैन।

त्यसैले प्रत्येक टोलमा प्रत्येक बस्तीमा बिग मार्टहरू खुल्न थाले। यी मार्टहरू विस्थापित गरेर सामूहिक र सामुदायिक बजारहरू तथा उत्पादन र वितरण प्रणालीको विकास तर्फ अघि बढेनौ भने देश उँभो लाग्दैन, हाम्रो आन्दोलन पनि काम लाग्दैन। विदेश गएर जति दुख गरे पनि र जेजति कमाए पनि ती बिग मार्ट मार्फत् त्यो पैसा पठाउने विदेशमा नै हो। यसरी आदिवासी जनजातिले विदेशमा भौतारिएर कमाएको पैसा जति सबै विदेशै फर्कने गरी हामी लड्छौं भने त्यो लडाइँको के काम ? यसर्री त मुक्ति संभव नै छैन।

आदिवासी जनजाति केवल नेपालभित्र यहाँको सरकारसँग लड्ने मात्र होइन, विश्व पुँजीवाद र साम्राज्यवादसँग कसरी लड्छ आदिवासी जनजाति ? यो ककुरा पूमुख हुन आएको छ। यो सोच र रणनीतिको विकास गर्नतिर नलाग्ने हो भने हामी फेरि लवाइखवाइ र देखावटीका साथै गानाबजाना र गीतनृत्यका पछाडि लाग्दै त्यसैमा सीमित हुन जाने खतरा छ। कंगो भन्ने देशमा गयौं भने त्यहाँ एउटा सांस्कृतिक राष्ट्रपति भन्ने चुनिएको हुन्छ। उनी दरवारमा बस्छन् । उनले हाम्रा हजुरबुवाका पालामा कस्ता लुगा लगाउँथे भनेर त्यो लुगा लगाउँछन् र अरुलाई देखाउँछन्। यस्तो छ त्यहाँको जनजाति आन्दोलन ! यसले त्यहाँका जनजातिलाई न त मुक्ति दिलाएको छ, न त सत्तामा सहभागी नै गराएको छ।

हामीले नेपालका सन्दर्भमा यो कुरालाई बुझ्नु पर्छ र एउटा सही निष्कर्षमा पुग्नु पर्छ।

*(आहुती वैज्ञानिक समाजवादी कम्युनिष्ट पार्टी नेपाल निर्माणका निम्ति अभियान समितिका संयोजक हुन्।)*




### दलालहरूको...

समस्या समाधान गर्न नयाँ जनवादी क्रान्ति आवश्यक रहेको र उक्त क्रान्तिको सफलताको लागि भारतमा रहेका नेपालीहरूको भूमिका महत्वपूर्ण रहने कुरातर्फ उनले सबैको ध्यानाकर्षण गरेका थिए।

तेन्जिङ नोर्गेको अध्यक्षता र नवीन थापाको सञ्चालनमा सम्पन्न उक्त सम्मेलनलाई सम्बोधन गर्दै सम्मेलनका विशेष अतिथि बरिष्ठ वामपंथी नेता इन्द्रमोहन सिग्देलले नेपाल प्राकृतिक साधनस्रोतले सम्पन्न र नेपाली जनता निकै मेहनती भए पनि आजसम्मका सत्ताधारी वर्गको राष्ट्रिय आत्मसमर्पणवादी चरित्र नै नेपाली जनताको दुःख र पराधिनताको कारण भएको कुरा बताए । उनले सत्ताको कुर्चीमा रहने व्यक्तिहरू धेरै पटक फेरिए पनि नेपालमा आजसम्म मजदुर, किसान तथा आम उत्पीडित वर्ग, जाति, क्षेत्र र लिङ्गका जनताको हातमा सत्ता नआएको कुरा बताउँदै वर्तमान ओली सरकारको आर्थिक समृद्धिको नारा पनि जनता ढाँट्न अगाडि सारिएको भ्रमपूर्ण वकवास बाहेक अरु केही होईन भने। उनले देशमा आर्थिक समृद्धिको ढोका खोल्न राष्ट्रिय पुँजीको विकास हुनुपर्ने र त्यसका लागि नेपालमा नयाँ जनवादी क्रान्ति सम्पन्न गर्नुपर्ने आवश्यकतामाथि प्रकाश पारे।

नेपाली एकता समाज, भारतका केन्द्रीय उपाध्यक्ष शोभाकर अधिकारीले सम्मेलनको सफलताको सुभकामना व्यक्त गर्दै यस संगठनले भारतभरि छरिएर रहेका नेपालीको हितमा संघर्ष गर्दै आएको कुरा दावी गरे । उनले नेपालमा हुने आमुल परिवर्तनका लागि समेत प्रवाशमा रहेका नेपालीको भूमिका महत्वपूर्ण रहने कुरा उल्लेख गरेका थिए।

मञ्चमा आसिन नेपाली एकता समाज, भारतका केन्द्रीय सदस्य लगायत अन्य नेताहरूहरूले पनि सम्मेलनलाई सम्बोधन गर्दै त्यसको भव्य सफलताको शुभकामना व्यक्त गरेका थिए।

प्रतीक लामा लगायतका सामना परिवारका केन्द्रीय कलाकारहरूले प्रदर्शन गरेका गीत तथा नृत्यहरूले सम्मेलनलाई निकै भव्य र रोचक बनाएको थियो।

यस सम्मेलनलाई स्थानीय मुस्लिम संगठनका अध्यक्षले पनि शुभकामना मन्तव्य दिएका थिए। उनले नेपालीहरूको सांगठनिक चेतनाबाट आफु निकै प्रभावित भएको उल्लेख गर्दै तपाई नेपालीहरूलाई कुनै समस्या परे त्यसको समाधानका लागि हामी सँधै तयार छौं भनेका थिए।

११ अगस्त २०१८ मा नेपाली एकता समाज, भारतले जम्मु तथा काश्मीर राज्य समिति अन्तर्गत नुगरा नगर समिति, निमु नगर समिती, लेह नगर समिति, चोक्लामसर नगर समितिको प्रथम संयुक्त नगर सम्मेलन सम्पन्न गरी चारवटै नगरमा नयाँ कमिटि गठन गरेको छ।

### नेपाली..

समितिको अध्यक्षमा जित लामा तामाङ

यसैगरी उक्त सम्मेलनले यस नगर समितिमा अध्यक्ष जित लामा तामाङलाई निवार्चित गरेको छ भने उपाध्यक्ष तारा लामा, सचिव रामजी खड्गा, सहसचिव विकास गुरुङ र कोषाध्यक्ष इर्जा तामाङ रहेको ११ सदस्यीय निमु नगर समिति निर्माण गरेको छ।

**लेह नगर समितिको अध्यक्षमा रविन सुब्बा निर्वाचित**

त्यस्तै सम्मेलनले लेह नगर समितिको अध्यक्षमा रविन सुब्बालाई निवार्चित गरेको छ भने उपाध्यक्ष शोभाराम, सचिव सोनाम तामाङ, सहसचिव नविन बोहोरा, कोषाध्यक्ष सञ्जिव अधिकारी र सल्लाहकार राजु थापा रहेको ३५ सदस्यीय लेह नगर समिति निवार्चित गरेको छ।

**चोक्लामसर नगर समितिको अध्यक्षमा कामी शेर्पा**

संयुक्त सम्मेलनले चोक्लामसर नगर समितिको अध्यक्षमा कामी शेर्पालाई निवार्चित गरेको छ भने उपाध्यक्ष जीवन पुन मगर, सचिव दिल बहादुर, सहसचिव संगीता खड्का, कोषाध्यक्ष लक्ष्मी पुन रहेको १५ सदस्यीय चोक्लामसर नगर समितीःनिवार्चित गरेको छ।

सम्मेलनको समापन सत्रमा सबै निवार्चित समितिका अध्यक्षहरूले प्रतिवद्धता मन्तव्य राखेका थिए। नेपाली एकता समाजका केन्द्रीय उपाध्यक्ष शोभाकर अधिकारीले सम्पूर्ण पदाधिकार ीसहित निवार्चित सदस्यहरूलाई बधाई तथा कार्यकालको सफलताको कामना व्यक्त गरेपछि सम्मेलन समापन गरिएको थियो।

**दमन र वापी नगरमा पनि संयुक्त सम्मेलन सम्पन्न**

यसैबीच, नेपाली एकता समाज, भारतको पश्चिम भारत राज्य समिति अन्तर्गत दमन नगर समिति र वापी नगर समितिको संयुक्त नगर सम्मेलन ५ अगस्त २०१८ का दिन भव्य रूपमा सम्पन्न भएको छ।

उक्त संयुक्त सम्मेलनले वापी नगर समिति अध्यक्षमा चुडाबहादुर तरामु, उपाध्यक्षमा हुमबहादुर फाल, सचिवमा तिलबहादुर तरामु, सह-सचिवमा रवीन थापा र कोषाध्यक्षमा रीता श्रीस सहित १६ जना सदस्यलाई चयन गरेको छ। त्यसै गरी दमन नगर समितिको अध्यक्षमा केशबहादुर थापा, उपाध्यक्षमा दिनबहादुर सारु, सचिवमा भुपाल तरामु, सह-सचिवमा शुकबहादुर खाङ्गा, र कोषाध्यक्षमा ज्ञानबहादुर राहङ्गीसहित जम्मा २१ सदस्यीय समिति निर्वाचित गरेको छ। यस समितिमा २ जना वैकल्पिक सदस्य र ३ जना सल्लाहकार पनि चुनिएका छन्।

उक्त संयुक्त सम्मेलनलाई देशभक्त जनगणतान्त्रिक मोर्चाका केन्द्रीय सचिव परि थापा, वामपन्थी नेता इन्द्रमोहन सिंग्देल, नेपाली एकता समाज, भारतका केन्द्रीय सदस्य लगायत अन्य नेताहरूहरूले पनि सम्मेलनलाई सम्बोधन गरेका थिए। यो सम्मेलनमा पनि कलाकार प्रतीक लामा लगायतका सामना परिवारका केन्द्रीय कलाकारहरूले गीत तथा नृत्यको प्रदर्शन गरेका थिए।

केशबहादुर थापाको अध्यक्षतामा सञ्चालित उक्त सम्मेलनको सञ्चालन मानबहादुर थापाले गरेका थिए।

### संयुक्त...

युनियन महासंघका अध्यक्ष ईश्वर तिमिल्सिना, राष्ट्रिय प्रजातान्त्रिक ट्रेड युनियन महासंघका महासचिव रामेश्वर श्रेष्ठ, स्वतन्त्र प्रजातान्त्रिक ट्रेड युनियन महासंघ नेपालका महासचिव खगेन्द्र प्याकुरेल, राष्ट्रिय प्रजातान्त्रिक ट्रेड युनियन महासंघ नेपालका अध्यक्ष चिरागमानसिंह कुँवर, राष्ट्रिय (हाल समाजवादी) लोकतान्त्रिक ट्रेड युनियन महासंघ स्वतन्त्रका अध्यक्ष नवराज दाहाल, मधेसी ट्रेड युनियन महासंघका अध्यक्ष पल्टन ठाकुर, नेपाल ट्रेड युनियन महासंघ स्वतन्त्रका अध्यक्ष ईन्द्रदेव मिश्र, राष्ट्रिय कर्मचारी महासंघ नेपालका अध्यक्ष गोपालसिंह धामी, नेपाल समाजवादी ट्रेड युनियन महासंघका अध्यक्ष लालध्वज नेम्वाङ, नेपाल ट्रेड युनियन फेडेरेशनका अध्यक्ष मधु बिसी, प्रगतिशील नेपाल स्वतन्त्र ट्रेड युनियन महासंघका अध्यक्ष केदार गिरी, अखिल नेपाल ट्रेड युनियन महासंघका अध्यक्ष नारायण सापकोटा, क्रान्तिकारी ट्रेड युनियन महासंघ नेपालका अध्यक्ष राजन तिमिल्सेना र अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासंघका अध्यक्ष अमर झाँक्रीले हस्ताक्षर गरेका छन्।

## क्रान्तिकारी युवा लिगको नेपाल मोरङ जिल्ला कमिटी गठन

विराटनगर । नेकपा (क्रान्तिकारी माओवादी) को युवा संगठन क्रान्तिकारी युवा लिग, नेपालको एक भेलाले मोरङ जिल्ला कमिटि गठन गरेको छ । शनिबार सम्पन्न भेलाले अध्यक्षमा देव मुण्डा र सदस्यहरूमा जंगबहादु मुदियारी, मोहन ढकाल, तिलक मुण्डा, डेनियल सुवेदी, प्रमेश सोरेन, लोकप्रसाद अधिकारी, कृष्णप्रसाद ठाकुर, आविष्कार पौडेल, सुमनकुमार राजवंशी, रोसन गुरुङ, राजेश चौधरी, बविता राजवंशी रहेको २१ सदस्यीय कमिटि निर्माण गरेको हो।



## चलिरहेको होटल तुरुन्त बिक्रीमा

सञ्चालकको विदेश भिषाका कारण भव्य चलिरहेको होटल ५०,०००/- मा तुरुन्त बिक्रीमा छ।

**सम्पर्क**
९८५१०५६२५५, ९८४००१६१०६
**ललितपुर टंगाल, मच्छिन्द्रबहाल, बलराम मन्दिरसँगै जोडिएको होटल**








**प्रकाशक** : रामसिंह बुढाथोकी, **प्रबन्ध निर्देशक** : बद्री बजगाईं, **सम्पादक** : इन्द्रबहादुर राउत, **सहसम्पादक** : सचिरनन्द महर्जन, फोटोः जय दाहाल, **कार्यालय** : बुद्धनगर, काठमाडौं, **सम्पर्क नं.** : ०१-४७८५७६३/९८५११३४८३०, **इमेल** : bargadristi073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं।